# नागरिक लगानी कोष
# लगानी नीति, २०७५

**प्रस्तावना :** नागरिक लगानी कोष ऐन, २०४७ को दफा ३२ अनुसार कार्य गर्न नागरिक लगानी कोषमा प्राप्त भएको कोषको फण्ड (Fund) लाई एक ट्रष्टीको रुपमा दक्ष तथा प्रभावकारी व्यवस्थापन गरी अधिकतम प्रतिफल प्राप्त गर्न कोषको संचालक समितिले देहायको नीति स्वीकृत गरी लागू गरेको छ ।

| | |
|---|---|
| ♣ पहिलो संशोधन मिति : | २०७५/११/०९ |
| * दोश्रो संशोधन मिति : | २०७६/०४/२९ |
| ▪तेस्रो संशोधन मितिः | २०७७/०३/१८ |
| # चौथो संशोधन मितिः | २०७७/१०/०७ |
| ® पाँचौ संशोधन मितिः | २०७८/०६/२३ |
| © छैटौं संशोधन मितिः | २०७८/१२/३० |
| + सातौ संशोधन मिति | २०८१/०३/०९ |
| ≠ आठौ संशोधन मिति | २०८१/०६/०८ |

**परिच्छेद - १**

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ **संक्षिप्त नाम र प्रारम्भः (क)** यस नीतिको नाम "नागरिक लगानी कोष, लगानी नीति-२०७५" रहेको छ ।

**(ख)** यो नीति संचालक समितिबाट स्वीकृत गरिएको मिति २०७५।०८।२२ बाट प्रारम्भ हुनेछ ।

१.२ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा;

**(क)** "ऐन" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्दछ ।

**(ख)** "कोष" भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष सम्झनु पर्दछ ।

**(ग)** "समिति" भन्नाले ऐनको दफा २५ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्दछ।

**(घ)** "लगानी उपसमिति" भन्नाले कोषको संचालक समितिले गठन गरेको लगानी उपसमिति सम्झनु पर्दछ ।

**(ङ)** "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा ४२ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

**(च)** "शेयर" भन्नाले शेयर पूंजीको विभाजित अंश सम्झनु पर्दछ ।

***(छ)** "सामुहिक लगानी कोष (म्युचुअल फण्ड)" भन्नाले प्रचलित धितोपत्र ऐन बमोजिम स्वीकृत योजना व्यवस्थापकले संचालन गरेको लगानी कोष एकांक कोष वा समय समयमा धितोपत्र बोर्डले तोकिदिएको अन्य सहभागीतामूलक कोष व्यवस्थापन कार्यक्रम सम्झनु पर्छ ।

**(ज)** "कर्जा" भन्नाले कुनै चल अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई कोषले निर्धारण गरेको शर्तमा दिने ऋण सम्झनु पर्दछ ।

**(झ)** "डिबेञ्चर" भन्नाले कुनै संगठीत संस्थाले जायजेथा धितो राखी (सुरक्षित) वा नराखी (असुरक्षित) जारी गरेको ऋणपत्र सम्झनु पर्दछ ।

**(ञ)** "ऋणपत्र" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ अन्तर्गत नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र सम्झनु पर्दछ ।

---
* दोश्रो संशोधनबाट थप गरिएको ।

(ट) "धितोपत्र (सेक्युरिटी)" भन्नाले शेयर, स्टक, डिबेञ्चर स्टक र नेपाल सरकारले जारी गरेको ऋणपत्र सम्झनु पर्छ र सो शब्दले धितोपत्रको धरौटी सम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँछ ।

(ठ) "लगानी" भन्नाले मुद्दती निक्षेप, मागेको वखत प्राप्त हुने निक्षेप, सरकारी सुरक्षण पत्र, कुनै संगठीत संस्थाको शेयर वा डिबेञ्चर, आवास परियोजनामा लगानी, स्थिर सम्पत्तिमा लगानी र अन्य धितोपत्रहरुमा गरिएको लगानी सम्झनु पर्दछ ।

(ड) "प्राविधिक उपसमिति" भन्नाले ऐनको दफा ४३ बमोजिम गठन भएको विशेषज्ञहरुको प्राविधिक उपसमिति सम्झनु पर्दछ ।

(ढ) "संगठीत संस्था" भन्नाले प्रचलित कानून बमोजिम संगठीत संस्थाको रुपमा स्थापना भएको बैंक तथा वित्तीय संस्था, पब्लिक कम्पनी, उद्योग वा त्यस्तै अन्य सरकारी वा सरकारको आंशिक स्वामित्व भएको संस्था वा गैरसरकारी संस्था सम्झनु पर्दछ ।

(ण) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५ अनुसारका उद्योग सम्झनु पर्दछ ।

(त) "ट्रष्टी" भन्नाले यस ऐन बमोजिम बचतकर्ता लगानीकर्ताहरुबाट संकलन गरी जम्मा भएको बचतकोषलाई सम्बन्धित योजनाको शर्त अनुसार लगानी व्यवस्थापन गर्न वा तत्सम्बन्धमा अन्य कुनै संगठीत संस्थासँग भएको सम्झौता बमोजिमको दायित्व पूरा गर्नको निमित्त दफा ४३ (क) बमोजिम कोषले तोकिदिएको कोषको समिति, उपसमिति वा त्यस्तो समिति वा उपसमितिको सदस्य वा समितिले तोकेको कोषको अधिकृत कर्मचारी सम्झनु पर्दछ ।

≠(थ) "लगानी अनुगमन उपसमिति" भन्नाले कोषको संचालक समितिले गठन गरेको लगानी अनुगमन उपसमिति सम्झनु पर्दछ ।

(द) "समयकालीन/आवधिक कर्जा" भन्नाले कुनै संगठीत संस्थालाई उत्पादन (सेवा समेत) क्षमताको सिर्जना गर्न वा विस्तार गर्न र आयमुलक कार्यको लागि साधारणतया एक वर्षभन्दा बढी अवधिका लागि कोषले प्रदान गर्ने कर्जालाई सम्झनु पर्दछ ।

(ध) "परियोजना कर्जा (Project Financing)" भन्नाले कुनै संगठीत संस्थालाई नयाँ परियोजना स्थापना तथा सन्चालन गर्न वा साँवा भुक्तानी अवधि एक वर्षभन्दा बढी भएको अवस्थामा पूंजीगत खर्चको व्यवस्था गर्न दिइने कर्जा सम्झनु पर्दछ ।

(न) "सहवित्तीयकरण (Consortium Financing)" कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा ऐन अन्तर्गत कुनै संगठीत संस्थालाई कोष, प्रचलित कानून बमोजिम स्थापित कोष जस्तै अन्य संस्था तथा बैङ्क वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा जोखिम तथा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्तरुपमा प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

(प) "ब्रिज लोन" ऋण वा शेयर निष्काशन वा अन्य श्रोतहरुबाट प्राप्त हुने रकमको प्रत्याभूति भएका र कोषबाट सैद्धान्तिक रुपमा कुनै प्रकारको स्थिर पूँजी कर्जा वा चालु पूँजी कर्जा वा अन्य कुनै प्रकारको कर्जा निकासा दिने निर्णय भईसकेको वा निकासा भईसकेकोमा कारणवश सम्बन्धित ग्राहकले पुऱ्याउनु पर्नेमध्ये कुनै प्रक्रिया पुऱ्याउन नसकी उपरोक्तानुसारको स्वीकृत कर्जा उपभोग गर्न केही समय ढिला हुने भएको र त्यस अवस्थामा ग्राहकलाई सम्बन्धित कार्यका लागि तुरुन्तै रकमको जरुरत पर्न गएमा रकम निकासा हुन ढिलाई भएको कारणबाट परियोजना स्थापना र सञ्चालनमा ढिलाई भई प्रतिकूल असर पर्ने भएमा स्वीकृत कर्जाबाट पछि सोधभर्ना हुनेगरी तत्काल ऋणीहरुलाई प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

(फ) "चालुपूंजी कर्जा" दृष्टिवन्धक र वन्धकीको मूल धितोमा चालू सम्पत्ति (कच्चा पदार्थ, अर्ध तयारी वस्तु, तयारी वस्तु र असुल गर्नुपर्ने रकम) सिर्जनाका लागि[ज] आवश्यक पर्ने रकम जुटाउन प्रवाह गरिने कर्जा सम्झनु पर्दछ ।

© (ब) **"सहभागी कर्जा"** कोषले ऐनको दफा ३२(४)(ख) को व्यवस्था अनुसार स्वीकृत कार्यविधि अनुरुप सहभागीहरुलाई प्रदान गर्ने विभिन्न प्रकारका कर्जा तथा सापटीलाई सम्झनु पर्दछ ।

---

© छैटौं संशोधनबाट संशोधित ।

≠ आठौं संशोधनबाट संशोधित ।

(भ) "जमानत कर्जा" कोषले तोकेको शर्तमा नेपाल सरकारको जमानतमा वा बैंक तथा वित्तीय संस्थाको जमानतमा प्रवाह हुने कर्जा सम्झनु पर्दछ । [६]

## परिच्छेद - २
## उद्देश्य

**२.१ लगानी नीतिको उद्देश्यः**

(क) कोषका विभिन्न योजना तथा कार्यक्रमहरुबाट प्राप्त भएका कोषहरु (Funds) ऐनको दफा ३२ अनुसार कर्जा प्रवाह तथा लगानी गर्ने,

(ख) कोषको उत्तरदायित्व र जिम्मेवारीमा सघाउ पुग्ने गरी ऐनको दफा ३२ संग सम्बन्धित कर्जा तथा लगानी सम्बन्धी अपेक्षा, प्राथमिकता र जोखिमहरु (Expectations, Priorities and Risk) स्पष्ट रुपमा निरुपण गर्ने,

(ग) कर्जा तथा लगानी सम्बन्धमा स्पष्ट रुपमा परिभाषित गरिएका उद्देश्यहरु, कर्जा तथा लगानीको सुरक्षण, तरलता र मुनाफाको (Safety, Liquidity and Profitability) स्थिति कायम गर्न कोषलाई सघाउ पुऱ्याउने,

(घ) अनुपालन तथा प्रतिवेदन (Compliance and Reporting) र जोखिम व्यवस्थापनको लागि आवश्यक नियन्त्रणको रुपरेखा तयार गर्ने तथा कोषको कर्जा तथा लगानीका लागि पर्याप्त सुशासन संरचनाको सुनिश्चितता गर्ने,

(ङ) कोषले प्रवाह गरेको कर्जा तथा लगानीको आवधिक रुपमा अनुगमन तथा समिक्षा गर्ने ।

*(च) कर्जा तथा लगानीमा अन्तरनिहित जोखिम तथा प्रतिफलको मूल्यांकनको आधारमा उच्चतम प्रतिफल प्राप्तीको निमित्त उक्त लगानी संरचनाको पहिचान गर्ने ।

*(छ) कोषमा संकलन भएको लगानी योग्य वित्तीय स्रोतलाई उत्पादनमूलक एवं पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रिय विकासमा योगदान गर्ने ।

*(ज) स्वेच्छिक तथा अनिवार्य वचत रकमको संकलन तथा परिचालनको प्रभावकारिता अभिबृद्धि गरी तरलता व्यवस्थापनलाई बैज्ञानिक बनाउने ।

*(झ) मुलुकको पूँजीबजार र वित्तीय बजारमा स्थिरता कायम गर्न सहयोग पुग्ने गरी प्रभावकारी ट्रेजरी व्यवस्थापन
गर्ने ।

*(ञ) कोषको नगद प्रवाहको नियमित विश्लेषणको आधारमा कर्जा तथा लगानी सम्बन्धी निर्णयलाई बैज्ञानिक, पारदर्शी, वस्तुनिष्ठ र पूर्वानुमान योग्य बनाउने ।

## परिच्छेद - ३
## क्षेत्रगत कर्जा तथा लगानी सीमा

≠©* **३.१** कोषको क्षेत्रगत लगानी सीमा निम्नानुसार हुनेछ :

| लगानी क्षेत्र | अधिकतम सीमा |
|---|---|
| सरकारी सुरक्षण पत्र तथा ट्रेजरी बिल | ५% |

© छैटौं संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट संशोधित

≠ आठौं संशोधनबाट संशोधित

| लगानी क्षेत्र | अधिकतम सीमा |
|---|---|
| कर्पोरेट ऋणपत्र/डिबेञ्चर, कोषमा परिणत भएको डिबेन्चर प्रत्याभुति समेत गरी | २०% |
| मुद्दती निक्षेप | ६५% |
| मागेको वखत प्राप्त हुने निक्षेप | २% |
| शेयर तथा सामूहिक लगानी कोष, कोषमा परिणत भएको शेयर प्रत्याभूति समेत गरी | १७% |
| प्राइभेट इक्विटी/भेन्चर क्यापिटल फण्ड | २% |
| आवाश परियोजना तथा स्थिर सम्पत्तिमा लगानी | १०% |
| सहवित्तीयकरण परियोजना कर्जा | २०% |
| संस्थागत आवधिक/समयकालिन कर्जा तथा शेयर धितो कर्जा | २५% |
| संस्थागत ब्रिज (Bridge Gap Loan) कर्जा | १०% |
| संस्थागत चालू पूँजी कर्जा तथा थोक कर्जा | १०% |
| सहभागी कर्जा/सापटी | ३५% |
| जमानत कर्जा | संचालक समितिको निर्णय अनुसार |

≠©* **३.२ जोखिमको आधारमा कोषको लगानी सीमाः** यस नीति अनुरुप प्रवाह हुने कर्जा तथा लगानीमा निहित जोखिम, आधार, सुरक्षा र प्रतिफललाई दृष्टिगत गरी कुल कर्जा तथा लगानीको क्षेत्रगत सीमा देहाय अनुरुप कायम गरिएको छ।

| जोखिमको वर्गीकरण | कर्जा तथा लगानीका क्षेत्रहरु | कर्जा तथा लगानी सीमा (प्रतिशतमा) |
|---|---|---|
| न्यून जोखिम | सरकारी सुरक्षण पत्र, तथा ट्रेजरी बिल, नेपाल सरकार एवम् "क" वर्गको वाणिज्य बैंकको जमानतमा प्रवाह हुने कर्जा तथा लगानी, मुद्धती निक्षेप, मागेको वखत प्राप्त हुने निक्षेप (money at call),सहभागी विशेष सापटी समेत गरी | न्यूनतम ६० |
| मध्यम जोखिम | शेयर, सामुहिक लगानी कोष कर्पोरेट ऋणपत्र/डिबेञ्चर, आवास परियोजना तथा स्थिर सम्पत्तिमा लगानी र सहभागी आवास कर्जा, शैक्षिक कर्जा, सरल कर्जा, सवारी कर्जा, शेयर धितो कर्जा (सहभागी तथा धितोपत्र व्यापारी (स्टक डिलर कम्पनी) समेत गरी) | अधिकतम ४० |
| उच्च जोखिम | सहवित्तीयकरण र संस्थागत परियोजना कर्जा, चालू पूंजी कर्जा, ब्रिज ग्याप कर्जा र थोक कर्जा, प्राइभेट इक्विटी/भेन्चर क्यापिटल फण्डमा लगानी समेत गरी | अधिकतम २० |

## परिच्छेद - ४

## लगानीको विधि र प्रक्रिया

©४.१ **४.१ सरकारी सुरक्षण पत्रमा लगानीः** कोषले ऐनको दफा ३२(२) (ङ) को व्यवस्था र लगानी नीतिको सीमामा रही नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट समय-समयमा जारी हुने सरकारी वण्ड,

* दोश्रो संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट संशोधित

≠आठौं संशोधनबाट संशोधित

ऋणपत्रहरुमा लगानी गर्न सक्नेछ । कोषले अल्पकालीन तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी हुने ट्रेजरी बिलमा समेत लगानी गर्न सक्नेछ ।

≠**४.१.१** अल्पकालीन तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी हुने ट्रेजरी बिलमा लगानी गर्दा कोषले पछिल्लो पटक लगानी गरेको कल खातामा प्राप्त हुने अधिकतम प्रभावकारी वार्षिक व्याजदर भन्दा कम नहुने गरी लगानी गर्नु पर्नेछ ।

**४.२ बैंक तथा वित्तीय संस्थाको निक्षेपमा लगानी**:

©**४.२.१ मुद्दती निक्षेपमा लगानी** कोषले ऐनको दफा ३२(२)(क) र ५२(क) अनुसार मुद्दती निक्षेपमा लगानी गर्न सक्नेछ ।

**४.२.२ लगानी रकम निर्धारण:** कोषका विभिन्न योजना तथा कार्यक्रमहरुमा प्राप्त भएका कोषहरु (Funds), कर्जा तथा लगानीबाट प्राप्त आम्दानीहरु, कर्जा चुक्ता रकम, लगानीको म्याद समाप्ती पश्चात प्राप्त रकमहरु (maturity value) लगायत कोषले ऐनको दफा ३२ बमोजिमका अन्य कार्य गर्दा प्राप्त आम्दानीहरुबाट कोषलाई नियमित रुपमा विभिन्न योजना तथा कार्यक्रमहरुबाट हुने भुक्तानीका लागि आवश्यक पर्ने रकम, मुद्धती निक्षेप बाहेक अन्य शिर्षकमा गरिने लगानीका लागि आवश्यक रकम तथा कोषको स्वीकृत बजेट अनुसार आवश्यक पूँजीगत तथा चालु खर्च रकम छुट्याई आउने बाँकी रकमलाई लगानीयोग्य रकमको रुपमा निर्धारण गरिने छ ।

©**४.२.३ लगानीको मापदण्ड:** कोषले मुद्धती निक्षेपमा लगानी गर्दा ऐनको दफा ३२(२)(क) को व्यवस्था र लगानी नीतिको सीमामा रही नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुमध्ये संचालक समितिबाट स्वीकृतिप्राप्त संस्थाहरुमा देहाय बमोजिमका न्यूनतम मापदण्डहरु पुरा भएका संस्था निक्षेप योग्य संस्था हुने छन् ।

**(क)** सर्वसाधारणका लागि साधारण शेयर निष्काशन गरेको,

तर, सर्वसाधारणका लागि साधारण शेयर निष्काशन नगरेको अवस्थामा कोषसँग साधारण शेयर निष्काशन गर्ने समझदारीको सम्झौता गरिसकेपछि निक्षेप योग्य संस्था मानिनेछ ।

**(ख)** कोषमा रहेको निक्षेप/कुल निक्षेप अनुपात, संस्थागत निक्षेप/कुल निक्षेप अनुपात, प्राथमिक पूँजी अनुपात, पूँजीकोष अनुपात, निष्कृय कर्जा अनुपात (एन.पी.ए.), कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात ( सि.सि.डि.अनुपात) र खुद तरल सम्पत्ति/स्वदेशी निक्षेपको अनुपात नेपाल राष्ट्र बैंकद्वारा तोकिएको मापदण्ड भित्र रहेको,

≠ **(ग)** नेपाल राष्ट्र बैंकले कारोबारमा बन्देज नलगाएको, शिघ्र सुधारात्मक कारवाहीवाट फुकुवा भएको अवधि १ वर्ष पुरा भएको, समस्याग्रस्त कार्वाहीको स्थितिबाट फुकुवा भएको अवधि ३ वर्ष पुरा भएको र कोषको जोखिम विश्लेषणमा लगानीको लागि उपयुक्त देखिएको ।

≠ (घ) विगतमा कोषले मुद्धती निक्षेपमा लगानी गर्दा कोषलाई आवश्यक परेको समयमा वा म्याद समाप्त भए पश्चात निक्षेप रकम भुक्तान गर्ने, पाकेको ब्याज रकम तथा भुक्तानी अवधि नाघेको निक्षेप रकम सोही दिन कोषको खातामा प्रविष्टी गर्ने र कोषसँगको अन्य कारोबार समयमा नै राफसाफ गरेको, वा सो अनियमितता वापतको बिलम्व ब्याज तथा कोषले निर्धारण गरेको अन्य शर्त पुरा गरेको/शुल्क बुझाईसकेको ।[घ]

≠ (ङ) संचित नोक्सानी नरहेको संस्था ।

**४.२.४ त्रैमासिक मापदण्डको अभिलेख:** कोषले उपदफा ४.२.३ खण्ड **(ख)** बमोजिमका वित्तीय सुचकाङ्कको विवरण **अनुसूची ३** मा उल्लेखित ढाँचामा तयार गरी अद्यावधिक गर्नु पर्नेछ । उक्त विवरणहरु बैंक तथा वित्तीय संस्थाहरुको गत आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा वा अर्को आर्थिक वर्ष शुरु [ढ]भएको तर सो वर्षको लेखापरीक्षण भइनसकेको अवस्थामा सो आर्थिक वर्षको अन्त्यमा प्रकाशित लेखापरीक्षण हुन बाँकी (चौथो त्रैमासिक) वित्तीय विवरणको आधारमा अद्यावधिक गर्नु पर्नेछ । [छ]

---

≠आठौं संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट संशोधित

≠ आठौं संशोधनबाट थप गरिएको

तर, कुनै पनि संस्था **अनुसूची ३** को सुचकाङ्कमा यस नीति बमोजिम निक्षेप योग्य संस्था हुने मापदण्ड पुरा गरेको भएता पनि प्रकाशित निकटतम त्रैमासिक वित्तीय विवरण अनुसार निक्षेपयोग्य संस्था हुन चाहिने मापदण्ड पुरा नभएको देखिएमा सोही त्रैमासिक वित्तीय विवरणलाई आधार मानी **अनुसूची ३** लाई प्रत्येक त्रैमासमा अद्यावधिक गरिनेछ । लगानी उपसमितिले तयार गर्ने मासिक प्रतिवेदनमा उक्त विवरण संलग्न गर्नु पर्नेछ ।

®***४.२.५ बोलपत्र आव्हानः** उपदफा ४.२.२ बमोजिम लगानीको रकम निर्धारण भए पश्चात, उपदफा ४.२.३ को दायरामा रहेका बैंक वित्तीय संस्थाबाट निक्षेपको लागि बोलपत्र आव्हान गरिनेछ । बोलपत्र आव्हान माग गर्दा कोषको आधिकारिक वेवसाईटमा प्रकाशित गरी कोषको आधिकारिक Email मार्फत कम्तिमा ३ (तीन) कार्यदिनको म्याद राखी सम्पुर्ण बैंकहरुलाई अनुसूची १ अनुसारको बोलपत्र आव्हानको सूचना पठाउनुपर्नेछ । साथै अनुसूची २ अनुसारको कोटेशन प्रस्ताव फारम कोषको वेवसाईटमा अद्यावधिक गर्नु पर्नेछ ।

**४.२.६ बोलपत्र/प्रस्ताव दर्ता तथा स्वीकार हुने अवस्था :** लगानीको लागि प्राप्त नयाँ बोलपत्र/प्रस्ताव बेग्लै दर्ता पुस्तिकामा अभिलेख गरिने छ । कुनै पनि संस्थाले तोकिएको मिति तथा समयावधि भित्र पठाएको एउटा मात्र बोलपत्र/प्रस्ताव निर्णय प्रकृयामा समावेश गरिने छ । तोकिएको मिति तथा समयावधि भित्र कुनै एक संस्थाको एक भन्दा बढी बोलपत्र/प्रस्ताव प्राप्त भएमा उक्त संस्थाबाट प्राप्त सबै बोलपत्र/प्रस्तावहरु स्वतः रद्द भई निर्णय प्रकृयामा समावेश गरिने छैन । निर्णय प्रकृयामा समावेश भएका शिलबन्दी बोलपत्र/प्रस्ताव लगानी उपसमितिको बैठकमा खोलिने छ र **अनुसुची ४** अनुसारको रोहवरको अभिलेख राखिने छ ।

**४.२.७ लगानीको निर्णयका आधारहरुः** लगानी सम्बन्धि निर्णयका आधारहरु देहाय बमोजिम हुनेछन् ।

**(क)** निक्षेप लगानी गर्दा प्रभावकारी बार्षिक ब्याजदर (Effective Annual Interest Rate) बढी भएको आधारमा उपदफा ४.२.८ को सीमाभित्र रही लगानीको निर्णय गर्नु पर्दछ ।

**(ख)** व्याज दर समान भएमा उपदफा ४.२.८ को सीमाभित्र रही कोषको सो संस्थामा रहेको निक्षेप र डिबेञ्चर/उक्त संस्थाको चुक्ता पूँजी तथा जगेडा कोषको अनुपातको योग्यताक्रम अनुसार कम अनुपातलाई प्राथमिकता दिनु पर्नेछ । यसरी योग्यताक्रम (Ranking) को आधारमा निर्णय गर्दा जुन वर्गको संस्था हो सोही वर्गसँग मात्र तुलना गर्नु पर्दछ ।

**+(ग)** कुनै पनि संस्थाले प्रभावकारी बार्षिक ब्याजदर (Effective Annual Interest Rate) बढी प्रस्ताव गरेता पनि उपदफा ४.२.८ (ग) वा (घ) को एकलपक्ष सीमा भन्दा माथि निक्षेप दिने निर्णय गर्दा उचित कारण उल्लेख गर्नु पर्नेछ र यसको जानकारी लगानी अनुगमन उपसमिति र संचालक समितिलाई दिनु पर्नेछ ।

≠**(घ)** उपदफा ४.२.७ (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारको स्वामित्व भएका राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडले प्रस्ताव गरेको व्याजदर अन्य बैंकहरुले प्रस्ताव गरेको व्याजदर बराबर वा सो भन्दा कम भई बढी व्याजदर प्रस्ताव गर्ने बाणिज्य बैंकहरुले सम्पूर्ण बोलकबोल रकम माग नगरेको अवस्थामा उचित कारण उल्लेख गरी नेपाल सरकारको स्वामित्व भएका उक्त बैंकहरुमा दफा ४.२.८ (ग) वा (घ) को एकल पक्ष सीमा भन्दा माथि निक्षेप दिने निर्णय गर्न सकिनेछ । यसरी भएको निर्णयको जानकारी लगानी अनुगमन उपसमिति र संचालक समितिलाई दिनुपर्नेछ ।

**स्पष्टिकरणः** कोषको सो संस्थामा रहेको निक्षेप र डिबेञ्चर भन्नाले प्रस्तावित लगानी रकमको निर्णय गर्नु भन्दा अगाडि कोषले उक्त संस्थामा गरेको कूल मुद्दती निक्षेप तथा डिबेञ्चर लगानी समेत जनाउनेछ ।

**४.२.८ लगानीको निर्णय गर्दा लागु हुने एकल पक्ष सीमाः**

**(क)** एक पटक निर्णय गर्दा समान व्याजदर तोक्ने वित्तीय संस्थाहरुमध्ये एउटा संस्थाको हकमा कोषको जम्मा वोलकवोल रकमको बढीमा १० प्रतिशतसम्म लगानी गर्न सकिने छ । तर यसरी लगानी गर्न पर्याप्त वोलपत्र प्राप्त नभएमा सोही संख्याको आधारमा दामासाहीले पनि लगानीको निर्णय गर्न सकिने छ ।

▪(ख) निक्षेप लगानी सम्बन्धी सिलवन्दी प्रस्तावको सुचनामा उल्लेखित रकम मध्ये भुक्तानी अवधि समाप्त भएका मुद्धति निक्षेप रहेका संस्थाको हकमा उपदफा (क) अनुसारको सीमा लागू हुने छैन । तर यसरी लगानी गर्दा प्रचलीत संस्थागत निक्षेपको व्याजदर भन्दा कम नहुने गरी लगानी गर्नुपर्नेछ ।

+(ग) कोषले प्रत्येक बैंक तथा वित्तीय संस्थाहरुमा कोषको कुल मुद्धती निक्षप लगानीको १० प्रतिशत भन्दा बढी राख्ने छैन ।

***तर,***

***खराब कर्जा ३.५ प्रतिशतभन्दा कम भएका बाणिज्य बैंकमा अधिकतम १५ प्रतिशत र खराब कर्जा ३.५ देखि ५ प्रतिशतसम्म भएका बाणिज्य बैंकमा अधिकतम १३ प्रतिशत राख्न यस व्यवस्थाले बाधा पुग्ने छैन ।***

+(घ) एउटा संस्थाको हकमा, लगानीको निर्णय पश्चात कोषको सो संस्थामा रहेको कुल निक्षेप तथा डिबेन्चर/प्रस्ताव पेश गर्ने बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजी तथा जगेडा कोष अनुपात बढीमा ५० प्रतिशतसम्म हुन सक्ने छ ।[८]

***तर,***

***खराब कर्जा ३.५ प्रतिशतभन्दा कम भएका बाणिज्य बैंकमा उक्त अनुपात अधिकतम ६० प्रतिशत र खराब कर्जा ३.५ देखि ५ प्रतिशतसम्म भएका बाणिज्य बैंकमा उक्त अनुपात अधिकतम ५५ प्रतिशत राख्न यस व्यवस्थाले बाधा पुग्ने छैन ।***

≠(ङ) एउटा संस्थाको हकमा, लगानीको निर्णय पश्चात कोषको सो संस्थामा रहेको कुल निक्षेप/प्रस्ताव पेश गर्ने बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप अनुपात नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशन बमोजिमको संस्थागत निक्षेप संकलन सीमासम्म हुनसक्नेछ ।

*४.२.९ **मुद्धती निक्षेप लगानी नवीकरण गर्ने अवस्था :** मुद्धती निक्षेपको म्याद समाप्त हुने मिति र सो लगत्तै लामो सार्वजनिक विदा (दशैं/तिहार) परेमा मुद्धती निक्षेप लगानी नवीकरण गर्न सकिने छ । नवीकरण गर्दा कुनै एक बैंक तथा वित्तीय संस्थाको म्याद समाप्त भएको निक्षेपलाई बढीमा २ (दुई) पटक सम्म, उपदफा ४.२.३ को मापदण्ड, ४.२.८ को एकल पक्ष सीमा र यस नीतिगत व्यवस्था बमोजिमको प्रक्रिया पुरा गरी नवीकरण गरिने छ ।

४.२.१० **मुद्धती निक्षेपको अग्रिम म्याद समाप्ती (Premature) गर्ने सम्बन्धमा:** कोषले मुद्धती निक्षेपमा गरेको लगानी रकम कोषलाई अग्रिमरुपमा आवश्यक भएमा, कोषले उक्त लगानी भन्दा बढी प्रतिफल प्राप्त हुने अवसर प्राप्त भएमा वा उक्त बैंक तथा वित्तीय संस्थाले नियमित रुपमा व्याज भुक्तानी नगरेमा, कोष तथा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सहमतीमा उक्त मुद्धती निक्षेपमा गरेको लगानीलाई अग्रिम म्याद समाप्ती (Premature) गर्न सक्नेछ । तर, यसरी अग्रिम म्याद समाप्ती गर्दा कोषको हितलाई प्राथमिकता दिनु पर्नेछ ।

४.३ **मागेको वखत प्राप्त हुने निक्षेपमा लगानी:** यस नीतिगत व्यवस्थाको सिमाभित्र रही, नगद प्रवाह अनुसार कोषमा जम्मा भएको रकम र कोषबाट हुने भुक्तानीको अवस्था हेरी मागेको वखत प्राप्त हुने निक्षेपमा लगानी गर्न सक्नेछ । यस प्रकारको निक्षेपमा प्राप्त हुने ब्याज, उक्त खाताको आवश्यकता तथा प्रयोजन आदिलाई ध्यानमा राखी विभिन्न बैंक तथा वित्तीय संस्थाको निक्षेपमा लगानी गरिने छ ।

©४.४ **शेयरमा लगानी:** कोषले ऐनको दफा ३२(५)(क) को व्यवस्था र लगानी नीतिको सीमामा रही सूचीकृत भएका/हुने संगठीत संस्थाको संस्थापक शेयर, साधारण शेयर, हकप्रद शेयर र अग्राधिकार शेयरमा लगानी गर्न सक्नेछ । कोषले प्राथमिक वा दोस्रो बजारबाट समेत शेयर खरिद/बिक्री गर्न सक्नेछ । कोषले यस नीतिमा उल्लेख भए अनुसार धितोपत्रको खरिद वा बिक्री गर्दा प्रतिफल, बजारको अवस्था र गुणस्तर अभिबृद्धि गर्नु मुख्य उद्देश्य रहनेछन् । यसरी संस्थापक शेयरमा लगानी गर्दा कोषको स्थायी प्रतिनिधि संचालक समितिमा रहने वा नरहने गरी लगानी गर्न सकिनेछ । सामुहिक लगानी कोषका लागि प्रचलित

---

\+ सातौं संशोधनबाट संशोधित

▪ तेश्रो संशोधनबाट थप गरिएको

≠ आठौं संशोधनबाट संशोधित

धितोपत्र सम्बन्धी विनियमावली अनुसार सुरक्षित गरिएको शेयरमा भएको लगानीलाई नाागरिक एकांक योजनामा लेखांकन गर्नु पर्नेछ ।

©४.४.१ **एकल पक्ष लगानी सीमाः** यसरी कुनै एक संस्थाको शेयरमा लगानी गर्दा त्यस्तो संस्थाको निष्काशित पूँजीको १५ (पन्ध्र) प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ । तर, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनी वा सार्वजनिक संस्थान वा त्यस्तो संस्थानको शेयर लगानीमा स्थापना भएको कम्पनीमा तथा ऐनको दफा ३२(६), दफा ३२(८)बमोजिम कोषले सहायक कम्पनी खडा गर्दा तथा कोषले शेयर प्रत्याभूतिकर्ताको रुपमा काम गर्दा यस्तो एकल पक्ष लगानी सीमा लागू हुने छैन ।

४.४.२ **शेयरमा लगानीको मापदण्डः** शेयरमा लगानी गर्दा देहायको मापदण्डको अधिनमा रही लगानी गरिनेछ ।

♣४.४.२.१ सार्वजनिक आव्हान मार्फत निष्काशन गरिएका शेयरमा लगानी ।

**(क)** कोषले शेयर धारण गर्ने संस्था प्रचलित कानून बमोजिम स्थापना भएको हुनु पर्नेछ । साथै, उक्त संस्थाको कुनै नियमनकारी निकाय भएमा सो निकायबाट ईजाजत/स्वीकृत प्राप्त संस्था हुनु पर्नेछ ।

**(ख)** उक्त शेयर निष्काशनको विवरणपत्र नेपाल धितोपत्र बोर्डमा स्वीकृत भएको हुनु पर्नेछ ।

**(ग)** कोषले शेयर धारण गर्ने संस्थाको प्रति शेयर नेटवर्थ, अंकित मुल्य भन्दा बढी हुनु पर्नेछ र प्रति शेयर आम्दानी शुन्य भन्दा माथि हुनु पर्नेछ । तर, प्राथमिक निष्काशनको हकमा संस्थाको स्वीकृत विवरणपत्रमा उल्लेख गरिएको प्रक्षेपित वित्तीय विवरण अनुसार उक्त संस्थाले भविष्यमा गर्न सक्ने व्यवसाय विस्तारको विश्लेषणको आधारमा कोषबाट थप अध्ययन तथा विश्लेषण गरी उपयुक्त देखिएमा लगानी गर्न बाधा पुग्ने छैन ।

**(घ)** जलविद्युत आयोजनाको प्राथमिक शेयर निष्काशनको हकमा उक्त आयोजनाको क्षमता, प्रति मेगावाट लागत, लगानी फिर्ता भुक्तानी अवधि (Pay Back Period), प्राविधिक पक्षहरु (Flow, Head, Run of River/Plant with Reservoir) तथा आयोजनाका संस्थापकहरुको पृष्ठभुमिको पनि अध्ययन गरी लगानी गरिने छ ।

**(ङ)** हकप्रद शेयरमा लगानी गर्दा, माथि उल्लेखित मापदण्डका अतिरिक्त, उक्त शेयरको बजार मुल्य (निकटतम कारोवार भएको दिनको अन्तिम मुल्य र १८० दिनको अन्तिम मुल्यको औसत मध्ये जुन घटि छ सो मुल्य) सो शेयरको अंकित मुल्य भन्दा कम्तिमा बीस प्रतिशतले बढी हुनु पर्नेछ ।

♣**(च)** कोषले फर्दर पब्लिक अफरिङ (FPO) मा लगानी गर्दा माथि उल्लेखित मापदण्डका अतिरिक्त उक्त शेयरको विगत वर्षहरुको बजार मूल्यको उतारचढाव तथा औसत मूल्य र हालको बजार मूल्यको तुलनात्मक विश्लेषण गरी लगानी गर्ने निर्णय गर्नुपर्नेछ ।

♣**(छ) लिलाम विक्रीको माध्यमबाट शेयरमा लगानीः** लिलाम विक्रीको माध्यमबाट खुल्ला भएका सर्बसाधारण तथा संस्थापक समूहका शेयरहरुमा लगानी गर्दा उक्त शेयरको विगत वर्षहरुको बजार मूल्यको उतारचढाव तथा औसत मूल्य र हालको बजार मूल्यको तुलनात्मक विश्लेषण गरी बोलकबोलमा उल्लेखित न्यूनतम प्रति शेयर दररेट तथा लगानी पश्चात उक्त कम्पनीले भविष्यमा दिन सक्ने प्रतिफललाई आधार मानी फरक फरक दररेटमा आवेदन दिई लगानी गर्न सकिनेछ ।

©(ज) नागरिक लगानी कोषको नेतृत्व वा अन्य संस्थाको नेतृत्वमा बैंक/वित्तीय संस्था/फर्म/कम्पनीहरुको प्राथमिक शेयर निष्काशन गर्दा प्रचलित नीतिगत व्यवस्था बमोजिम शेयर प्रत्याभूति गर्दा कोषले प्रत्याभुति बापत कोषमा परिणत भएको (Funded) शेयरमा गरिने लगानीका सम्बन्धमा कार्यविधि बनाई प्रक्रिया तथा शर्तहरु तोक्न सक्नेछ ।

♣४.४.२.२ **दोस्रो बजारबाट शेयर कारोबार गर्दा अपनाइने प्रक्रिया**

---

* दोश्रो संशोधनबाट संशोधित ।

* दोश्रो संशोधनबाट संशोधित ।

♣ पहिलो संशोधनबाट संशोधित ।

© छैटौं संशोधनबाट थप गरिएको ।

≠ आठौं संशोधनबाट संशोधित

≠(क) **शेयर दलाल सूचीकरण:** कोषले दोस्रो बजारबाट शेयर कारोबार गर्नका लागि स्वीकृत प्राप्त धितोपत्र दलालहरुलाई प्रचलित ऐन तथा नियमावली अनुसार सूची दर्ताको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी रितपूर्वक सूची दर्ता भएका धितोपत्र दलालहरुसँग कारोबार गरिनेछ ।

**(ख) शेयर छनौट:** शेयर कारोबार गर्नु अघि शेयर छनौट गर्नुपर्ने छ । छनौट गर्दा शेयर खरिद गरिने संस्थाका देहायका विभिन्न पक्षहरुमा ध्यान दिनुपर्ने छः

१. संगठीत संस्था संचालनमा आएको समय र कार्यक्षेत्र,
२. चुक्ता पूँजी र पूँजी योजना,
३. अन्तिम त्रैमासिक तथा वार्षिक वित्तीय परिसुचकांकहरु,
४. विगतमा प्रदान गरिएको प्रतिफल, भविष्यमा प्रदान गर्नसक्ने संभावित लाभांश, भावि योजना,
५. नेपाल स्टक एक्स्चेन्जद्धारा सूचीकृत संस्थालाई गरिएको वर्गिकरण,
६. विगत १८० दिनको औषत मूल्य, मूल्यमा उतार चढाव, १५ प्रतिशत भन्दा बढी फरक परेको भए सोको कारण र हालको बजार मूल्यको फरक,
७. नियमित रुपमा खरिद विक्री हुने शेयर हो वा होइन,
८. संस्थापक, संचालक र व्यवस्थापन पक्ष,
९. बैंक तथा वित्तीय संस्थाको हकमा यस नीतिको अनुसूची २ मा उल्लेखित विभिन्न परिसुचकहरुको पालना ।

**(ग) शेयर खरीद छनौट प्रकृयाः**

≠*१. **खरीद मापदण्डः** छनौट पश्चात विगत ३ आर्थिक वर्षदेखि लगातार नाफा कमाई विगत पांच बर्षमा कम्तीमा तीन बर्ष लाभाँश वितरण गरिरहेका संगठीत संस्थाहरुमध्ये प्रतिशेयर लाभांश क्षमता (प्रतिशत) तथा प्रतिशेयर आम्दानी (EPS) उक्त संस्था वर्गिकरण रहेको वर्ग (Industry/Sector) मा रहेका अन्य सूचीकृत संस्थाको औसत लाभाँश क्षमता तथा प्रतिशेयर आम्दानी (EPS)को कम्तीमा ७० प्रतिशत रहेका संगठीत संस्थाहरुको शेयर खरिद गर्न सकिनेछ ।

**तर,**
नेपाल सरकारको स्वामित्व रहेका संगठीत संस्थाहरु, लगायतका अन्य संगठीत संस्थाहरुको संस्थापक तथा साधारण शेयरको हकमा उल्लेखित मापदण्डहरु पुरा नभएता पनि संचालक समितिको स्वीकृती लिई खरिद गर्न बाधा पर्ने छैन ।

**स्पष्टिकरण:**

| सुचक | सुचकको गणना | कैफियत |
|---|---|---|
| प्रतिशेयर लाभांश क्षमता (प्रतिशत) | (वार्षिक खुद नाफा + जगेडा कोष)/शेयर संख्या | खरिद गर्नु अघिको प्रकाशित वित्तीय विवरण अनुसार (सोही वर्गका सम्पूर्ण संस्थाको वित्तीय विवरण प्रकाशित भइसकेको हुनुपर्ने) |
| प्रतिशेयर आम्दानी (EPS) | वार्षिक खुद नाफा /शेयर संख्या | |

२. **खरिद प्राथमिकता** : यसरी शेयर खरिद गर्दा संस्था रहेको वर्ग (Industry/Sector) मा रहेका सबै सूचीकृत संस्थाको औसत PE Ratio, अर्थात बजार मूल्य/प्रतिशेयर आम्दानी अनुपात भन्दा कम PE Ratio भएका, लाभाँश प्रस्तावित भई घोषणा नभएका संगठीत संस्थाहरुको हकमा बढी लाभाँश प्रस्ताव गरेका संगठीत संस्थाहरु र लाभाँश घोषणा भई शेयरधनी दर्ता किताव बन्द (Book Close) नभएका संगठीत संस्थाहरुको हकमा बढी लाभाँश घोषणा गरेका संगठीत संस्थाहरुलाई प्रथमिकता दिईनेछ ।

**स्पष्टिकरण:**

| सुचक | सुचकको गणना | कैफियत |
|---|---|---|
| PE Ratio | बजार मूल्य/प्रतिशेयर | बजार मूल्य भन्नाले खरिद गर्ने मिती भन्दा अगिल्लो |

≠ आठौं संशोधनबाट संशोधित

| | | |
|---|---|---|
| | आम्दानी | महिनाको अन्तिम बजार मूल्य जनाउने । |

**(घ) खरिद गर्न योग्य नहुने अवस्था:** खण्ड (ग १) मा उल्लेखित मापदण्ड अनुसार शेयर खरिद गर्न योग्य देखिएता पनि देहायका संगठीत संस्थाको शेयर खरीद गरिने छैन :

१. यस कोषसंगको कारोवारमा नियमित नभएका बैंक तथा वित्तीय संस्थाहरु,
२. नेपाल राष्ट्र बैंक, वीमा समिति लगायत अन्य नियमक निकायद्वारा कारोवारमा बन्देज लगाएका वा कारवाहीमा रहेका संगठीत संस्थाहरु,
३. नियमक निकाय नभएका सूचीकृत संगठीत संस्थाको हकमा उक्त संस्थाको आर्थिक प्रतिवेदन, त्रैमासिक वित्तीय विवरणहरु नियमित रुपमा प्रकाशित नभएका,
४. सँस्थागत सुशासन कमजोर देखिएका तथा मूल्यमा नकारात्मक प्रभाव पार्न सक्ने संवेदनशील सूचना र समाचार कोषको जानकारीमा आएका संगठीत संस्थाहरु ।

**(ङ) शेयर विक्री प्रकृया:** कोषले गरेको शेयर लगानी मध्ये बिक्री योग्य कुनै वा सम्पूर्ण शेयर बिक्री गर्नु परेमा शेयर बिक्री गर्नुपर्ने कारण, खरीद गर्दाको लागत, विक्री गर्दाको आम्दानी, खरिद/बिक्री गर्दा पर्नसक्ने सकारात्मक र नकारात्मक असर तथा अन्य आवश्यक कुराहरु विवेचना तथा समिक्षा गर्नुपर्नेछ । कोषको स्वामित्वमा रहेका शेयरहरु विक्री गर्दा देहायका मापदण्डहरुको अधिनमा रही गर्नुपर्नेछ ।

©(१)शेयर खरिद गर्दाका बखतको प्रति शेयर लागत (कमिशन तथा शुल्क सहित) मा शेयर बिक्री गर्नु अघि कोषले गरेको मुद्दती निक्षेपको लगानीमा प्राप्त हुने अधिकतम प्रभावकारी वार्षिक व्याजदर (EAR) भन्दा कम्तिमा ५(पाँच) प्रतिशतले बढी बार्षिक प्रतिफल आउने गरी बिक्री गर्न सकिनेछ ।

©(२) लगानी गरिएको कुनै पनि कम्पनीको धितोपत्रमा बुँदा नं.१ अनुसार तोकिएको मुनाफा नभएमा, खरीद गर्दाका बखत भन्दा बजार मूल्य घट्न गई भविष्यमा मूल्य अझ घटन सक्ने आधारहरुलाई समेटी प्रबृत्ती बिश्लेषण (Trend Analysis) गर्दा थप घाटा हुने देखिएमा तथा त्यस्ता धितोपत्रहरु घटेको मुल्यमा पुनः खरिद गरी बढेको मुल्यमा बिक्री गर्दा पूर्बवत नोक्सानीलाई परिपूर्ति/न्यूनीकरण गर्न सकिने सम्भावना देखिएमा वा त्यस्ता धितोपत्र विक्री गरी दीर्घकालमा बढी मुनाफा दिने किसिमका धितोपत्रमा लगानी प्रतिस्थापन गर्न सकिने देखिएमा नोक्सानी कम गर्ने उद्देश्यले उक्त कम्पनीको धितोपत्रहरु लगानी अनुगमन उपसमितिको स्वीकृतिमा विक्री गर्न सकिनेछ र यसको जानकारी संचालक समितिलाई दिनु पर्नेछ । ठ

©(३) प्राथमिक निष्काशन (IPO) का बखत खरिद गरिएका शेयरहरुको विगत ३ बर्षको औषत लाभांश (नगद तथा बोनस) कोषले लगानी गरेको मुद्दती निक्षेपमा प्राप्त हुने प्रचलित अधिकतम प्रभावकारी वार्षिक व्याजदर (EAR) भन्दा न्यून देखिएमा उपदफा (ङ)(१) मा तोकिएको वार्षिक प्रतिफल प्राप्त नहुने भएता पनि बिक्री गर्दा नाफा हुने भएमा शेयर बिक्री गर्न सकिनेछ ।

©(४) कोषको स्वामित्वमा रहेका सस्थापक शेयरले आर्जन गरेको बोनस शेयरको हकमा उक्त संस्थाको साधारण शेयरको १२० दिनको Trading Average Price को ५० प्रतिशत वा उक्त शेयरको प्रति शेयर नेटवर्थ मध्ये जुन बढि छ सो मुल्यमा नघट्ने गरी लगानी अनुगमन उप समितिको स्वीकृतिमा शेयर विक्रि गर्न सकिनेछ र यसको जानकारी संचालक समितिलाई दिनु पर्नेछ ।

©(५) बोनश शेयर बाहेकका संस्थापक शेयरको हकमा उक्त शेयरको विगत तीन आर्थिक वर्षको Average Dividend Yield १५ प्रतिशत भन्दा कम भएका शेयरहरुमा उपदफा (ङ)(१) मा तोकिएको वार्षिक प्रतिफल प्राप्त नहुने अवस्था देखिएता पनि दोस्रो बजारमा विक्रि गर्दा नाफा हुने भएमा लगानी अनुगमन उपसमितिको स्वीकृतिमा शेयर विक्रि गर्न सकिनेछ र यसको जानकारी संचालक समितिलाई दिनु पर्नेछ । यसरी Average dividend yield

---
© छैटौं संशोधनबाट संशोधित

गणना गर्दा साधारण शेयरको उक्त आर्थिक वर्षको औषत शेयर मुल्यको ५० प्रतिशतका हिसावले संस्थापक शेयरको बोनश शेयरको मुल्य तय गरिनेछ ।

**स्पष्टिकरण:**

| **सुचक** | **सुचकको गणना** | **कैफियत** |
|---|---|---|
| Average dividend yield | =(Cash Dividend Per share+ Bonus share value per share)/Initial cost per share | Bonus share value per share= Average MP of ordinary share*50%* Bonus share declared% |

(६) प्रचलित कानून अनुसार कोषले अन्य कुनै सूचीकृत संगठीत संस्थाको संस्थापक तथा साधारण शेयर स्वामित्वमा ग्रहण गर्न नसक्ने व्यवस्था भएमा कानूनी अनुपालना पुरा गर्नका लागि उक्त शेयर संचालक समितिबाट स्वीकृती लिई बजार मूल्यमा बिक्री गर्न सकिनेछ । [ड]

(७) कोषबाट संचालित विभिन्न योजनाहरुको नाफा सुनिश्चित गर्न तथा तरलताको व्यवस्थापन गर्न अन्य कुनै माध्यमबाट कोषको हित सुनिश्चित हुने नदेखिएमा आवश्यकता अनुसार सूचीकृत शेयरहरुमध्ये अधिकतम प्रतिफल आउने शेयर बिक्री गर्न सकिनेछ ।[ढ]

©*(८) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (ङ) (४) र (ङ) (५) तथा “ Promoter Tradable” वाहेक अन्य सबै प्रकारका संस्थापक शेयरको हकमा संचालक समितिबाट स्वीकृति लिई बिक्री गर्नु पर्नेछ ।

≠४.४.३ **बुक विल्डिङ्ग विधि मार्फत निष्काशित धितोपत्रको खरिद सम्बन्धमा :** बुक विल्डिङ्ग निर्देशिका, २०७७ अनुसार विभिन्न संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा योग्य संस्थागत लगानीकर्ताको रुपमा कोष धितोपत्रको खरिदमा सहभागी हुनसक्नेछ ।

≠४.४.३.१ बुक विल्डिङ्ग प्रक्रियामा सहभागी भई लगानी गर्ने र शेयर प्रत्याभुती गर्ने अख्तियारी सीमा देहाय बमोजिम हुनेछ ।

| **रकम** | **अख्तियारी** |
|---|---|
| रु.१ अर्बसम्म | लगानी उपसमिति |
| रु.१ अर्बभन्दा माथि | संचालक समिति |

≠४.४.३.२ **आशय मुल्यको गणना :**

देहायका विधि अनुसार संगठित संस्थाको शेयरको मुल्यांकन गरी औषत मुल्य गणना गरेपश्चात आवश्यक समायोजन गरी आशय मुल्य यकिन गरिनेछ ।

(क) विगत ३ वा सो भन्दा बढी आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन अनुसार प्रति शेयर आम्दानीका आधारमा गणना हुने पुँजीकृत आम्दानी मुल्य (Earning Capitalization Method),

(ख) संगठित संस्थालाई भविष्यमा प्राप्त हुने खुद नगद प्रवाहको वर्तमान मुल्यका आधारमा संस्थाको मुल्य गणना गरी तय गरिने शेयर मुल्य (Discounted Cash Flow Method ),

---

* दोश्रो संशोधनबाट संशोधित

♣ पहिलो संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट थप तथा संशोधित

≠ आठौं संशोधनबाट थप गरिएको

(ग) संगठित संस्थाको कार्य अनुसार जुन प्रकारको उद्योग समुह अन्तर्गत पर्दछ सो समुहको औसत उद्योग सुचकांक (कोषलाई उचित लागेको सुचकांक) अनुसार गणना भएको सापेक्षिक मुल्य (Relative Valuation Method),

(घ) संगठित संस्थाको साधारण सभाबाट स्वीकृत पछिल्लो लेखापरिक्षण भएको वित्तीय विवरण अनुसारको प्रतिशेयर नेटवर्थले हुन आउने मुल्य ।

**♣४.४.५ शेयर लगानी सम्बन्धी तथ्याङ्क तथा सुचनाको व्यवस्थापन**

शेयर कारोबारसँग सम्बन्धित सबै प्रकारका सूचना तथा तथ्यांकको दुरुपयोग तथा अनधिकृत पहुँच नहुने गरी आवश्यक सुरक्षा व्यवस्था गर्नुपर्नेछ । लगानीको लागि आवश्यक तथ्याङ्कहरु संगठीत संस्थाको प्रकाशित वार्षिक तथा त्रैमासिक वित्तीय विवरण अनुसार अद्यावधिक गरी विश्लेषण गरिनेछ । उक्त विश्लेषण तयार गर्ने, अनलाइन शेयर खरिद बिक्री आदेश दिने प्रयोजनको लागि छुट्टै कार्यस्थल (डेस्क तथा कम्प्युटर आदी) व्यवस्था गरिनेछ । सो कार्यस्थल आधिकारीक व्यक्तिलाई मात्र प्रयोग गर्न दिने व्यवस्था मिलाइनेछ र सो को सुरक्षाको लागि आवश्यक सयन्त्र (Password Protection, Decoding, Regular data backup, Disaster recovery etc) को व्यवस्था गरिनेछ ।

**©♣४.४.६ कोषको सहायक कम्पनी/ संस्थामा लगानी तथा संगठीत संस्थाहरुको Takeover/Equity Injection**

कोषको हितलाई प्राथमिकतामा राखी प्रचलित ऐन, कानून तथा नागरिक लगानी कोष ऐन, २०४७ को दफा ३२(६) अनुसार कोषले सहायक कम्पनी वा संस्था स्थापना गर्न तथा कुनै पनि संगठीत संस्थाहरुको शेयरमा लगानी गरी उक्त संस्थाको व्यवस्थापन तथा आर्थिक कारोवार संचालन गर्न सक्नेछ । यसरी लगानी गर्दा अन्य संगठीत संस्था, फर्म, कम्पनी वा व्यक्तिहरुसँग सहभागी भई संयुक्त रुपमा लगानी गर्न समेत सकिनेछ । यसरी लगानी गर्दा संचालक समितिको स्वीकृतिमा गनुपर्नेछ । कोषले Takeover गरी गर्ने लगानीका सम्बन्धमा आवश्यक कार्यविधि बनाई प्रक्रिया तथा शर्तहरु तोक्न सक्नेछ ।

**♣४.४.७ लगानी गरेको शेयरलाई धितोमा राखी कर्जा लिन सकिने:**

कोषको हितलाई प्राथमिकतामा राखी कोषले आवश्यकता अनुसार प्रचलित ऐन, कानून तथा नागरिक लगानी कोष ऐन, २०४७ अनुसार कोषको स्वामित्वमा रहको शेयरलाई धितो राखी कर्जा लिन सक्नेछ । यसरी कर्जा लिदा संचालक समितिको स्वीकृतिमा लिनुपर्ने छ ।

©४.५ **डिबेञ्चरमा लगानी:** कोषले ऐनको दफा ३२(२)(ज) को व्यवस्था र लगानी नीतिको सीमामा रही बैंक तथा वित्तीय संस्था वा अन्य सूचीकृत भएको/हुने कम्पनीहरुले जारी गरेको डिबेञ्चरमा ४.५.१ र ४.५.२ बमोजिमको अवस्थामा लगानी गर्न सक्नेछ । कोषले प्राथमिक वा दोस्रो बजारबाट समेत डिबेञ्चर खरिद/बिक्री गर्न सक्नेछ । कोषले यस नीतिमा उल्लेख भए अनुसार डिबेञ्चरको खरिद वा बिक्री गर्दा बजारको अवस्था अनुसार प्रतिफल र जोखिम विश्लेषण गर्नुपर्नेछ ।

©▪४.५.१ **एकल पक्ष लगानी सीमा:** कुनै एक संस्थाको डिबेञ्चरमा लगानी गर्दा त्यस्तो संस्थाले जारी गरेको संस्थागत लगानीको लागि छुट्याइएको कुल डिबेन्चरको पैंतालीस प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ । यसरी कुनै संस्थाको डिबेञ्चरमा लगानी गर्दा, सुरक्षित डिबेञ्चरको हकमा त्यस्तो संस्थाको नेटवर्थको पन्ध्र प्रतिशत र असुरक्षित डिबेञ्चरको हकमा त्यस्तो संस्थाको नेटवर्थको दश प्रतिशतमा नबढ्ने गरी लगानी गर्नु पर्नेछ तर यसरी कुनै कम्पनी वा संगठीत संस्थाबाट जारी डिवेन्चरमा लगानी गर्दा कुल डिवेन्चरको बढिमा पच्चीस प्रतिशतसम्म मात्र लगानी गर्न सकिनेछ ।

४.५.२ **डिबेञ्चरमा लगानीको मापदण्ड:** डिबेञ्चरमा लगानी गर्दा तलका मापदण्डको अधिनमा रही लगानी गर्नु पर्नेछ ।

**(क)** कोषले डिबेञ्चर धारण गर्ने संस्था प्रचलित कानून बमोजिम स्थापना भएको हुनुपर्नेछ । साथै, उक्त संस्थाको कुनै नियमनकारी निकाय भएमा सो निकायबाट ईजाजत/स्वीकृत प्राप्त संस्था हुनुपर्नेछ,

---

♣ पहिलो संशोधनबाट संशोधित

* दोस्रो संशोधनबाट संशोधित

▪ तेश्रो संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट थप तथा संशोधित

(ख) उक्त डिबेञ्चर निष्काशनको विवरणपत्र नेपाल धितोपत्र बोर्डमा स्वीकृत भएको हुनुपर्ने छ,

(ग) डिबेञ्चर जारी गर्ने संस्था तीन वर्षदेखि लगातार नाफामा संचालन भएको हुनुपर्ने छ,

(घ) डिबेञ्चर जारी गर्ने संस्थाको कर्जा/स्वःपूँजी अनुपात डिबेञ्चर जारी गरिसकेपछि बढीमा ६०:४० सम्म हुनुपर्नेछ,

(ङ) डिबेञ्चरको भुक्तानी अवधि तोकिएको हुनुपर्नेछ र सो डिबेञ्चर निष्काशन पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड मा सुचीकृत हुनु पर्नेछ ।

▪(च) डिबेन्चरमा लगानी गर्दा त्यसको सुरक्षा, जोखिम बर्गिकरण, व्याजदर, संस्थागत निक्षेप, निष्कृय कर्जा, निष्काशन पछिको कर्जा स्वपूँजी अनुपात र प्रतिशेयर कुल मूल्य समावेश गरी अनुसुची ६ को मापदण्ड बमोजिमको कुल अंकभार गणना भएको हुनुपर्नेछ ।

**©४.५.३ दोश्रो बजारबाट डिवेञ्चर खरिद तथा बिक्रि गर्ने प्रक्रियाः**

(क) डिवेञ्चरको दोस्रो बजारबाट खरिद तथा बिक्रि कारोबार गर्दा सुचीदर्ता भएका धितोपत्र दलालहरु मार्फत गरिने छ ।

≠(ख) कोषबाट लगानी भएको पछिल्लो मुद्धति निक्षेपको अधिकतम प्रभावकारी वार्षिक व्याजदर (EAR) भन्दा बजारमा सुचीकृत डिवेञ्चरको अंकित ब्याजदर (Coupon interest) बढी भएका डिवेञ्चरहरु खरिद गर्दाको अधिकतम खरिद मुल्य सो डिवेन्चरको फेयर भ्यालु (Fair value) सम्म हुनेछ ।

(ग) कोषबाट लगानी भएको पछिल्लो मुद्धति निक्षेपको अधिकतम प्रभावकारी वार्षिक व्याजदर (EAR) भन्दा बजारमा सुचीकृत डिवेञ्चरको अंकित ब्याजदर (Coupon interest) कम भएका डिवेञ्चरहरु खरिद गर्दा भविष्यमा पूँजीगत लाभ सुनिश्चित हुने गरी Discounted price मा खरिद गनुपर्नेछ । उक्त (discounted price) बढीमा सो डिवेन्चरको उचित मुल्य (fair value) को ९५ प्रतिशत सम्म हुनेछ ।

**≠स्पष्टिकरणः**

| सुचक | सुचकको गणना | कैफियत |
|---|---|---|
| फेयर भ्यालु (Fair Value) | Present Value of Coupon Interests and Maturity Amount | Discount factor=(CIT's Cost of fund or recent FD investment max EAR whichever is lower) + 2 % risk premium |
| Effective Annual Return (EAR) | [{1=R/100/N}^N-1)*100] | R= Interest rate p.a.<br>N=number of interest period in a year |
| खरिद मुल्य भन्नाले cum-interest price लाई जनाउँछ । | | |

(घ) कोषको स्वामित्वमा रहेका विभिन्न डिवेञ्चरहरुमध्ये कोषबाट लगानी भएको पछिल्लो मुद्धति निक्षेपको अधिकतम प्रभावकारी वार्षिक व्याजदर (EAR rate) भन्दा कम अंकित ब्याजदर (Coupon Interest) भएका डिवेञ्चरहरु वा दोस्रो बजारमा कारोबार भईरहेका डिवेञ्चरहरु मध्येको अधिकतम अंकित ब्याजदर (Coupon Interest) भन्दा कम अंकित ब्याजदर (Coupon Interest) भएका डिवेञ्चरहरु मात्र विक्री गर्न सकिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम विक्री गर्न योग्य डिवेन्चर विक्री गर्दाको न्यूनतम विक्री मुल्य सो डिवेन्चरको उचित मुल्य (fair value) मा सम्वन्धित विक्री खर्च घ"टाई आउने मूल्य वरावर हुनेछ ।

**स्पष्टिकरणः**

| सुचक | सुचकको गणना | कैफियत |
|---|---|---|
| उचित मुल्य (Fair Value) | Present Value of Coupon Interests and Maturity Amount | Discount factor=Higher of latest FD decision maximum EAR or EAR of other investment opportunity available |
| बिक्री मुल्य भन्नाले cum-interest price लाई जनाउँछ । | | |

© छैटौं संशोधनबाट थप तथा संशोधित

≠ आठौं संशोधनबाट संशोधित

**©४.६ सामुहिक लगानी कोष (mutual fund) मा लगानी :** कोषले ऐनको दफा ३२(५)(क) को व्यवस्था र लगानी नीतिको सीमा भित्र रही प्रचलित सामुहिक लगानी कोष सम्बन्धी ऐन/नियम अनुसार धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सामुहिक लगानी कोष (mutual fund) योजनामा लगानी गर्न सक्नेछ ।

तर, यसरी लगानी गर्दा Market Risk को उपयुक्त विश्लेषण गरेर  मात्र गर्नु पर्नेछ ।

**© ४.६.१ सामुहिक लगानी कोषमा लगानी गर्ने मापदण्डः**

**४.६.१.(१)** कोषले नागरिक लगानी कोष ऐन, २०४७ को दफा ३२ (६) (ख) अनुसार सामूहिक लगानी कोष योजना ( म्यूचुअल फण्ड) स्थापना र संचालन गर्न सक्नेछ । यसरी संचालन गर्दा संचालक समितिको स्वीकृतिमा गर्नुपर्नेछ ।

**४.६.१(२)** कोषले अन्य सामुहिक लगानी कोषमा लगानी गर्दा देहायको मापदण्डको अधिनमा रही लगानी गरिनेछ ।

(क) उक्त योजना नेपाल धितोपत्र बोर्डबाट स्वीकृत योजना हुनुपर्नेछ ।

(ख) उक्त योजना व्यवस्थापकले विगतमा संचालन गरेको योजनाको योजना अवधिभरको औषत प्रतिफल (वार्षिक दर) कम्तिमा कोषले गरेको मुद्दती निक्षेपको लगानीमा प्राप्त हुने अधिकतम प्रभावकारी वार्षिक व्याजदर (EAR) भन्दा ५ (पाँच) प्रतिशतले बढी प्रतिफल भएमा कुल जारी गरिएको इकाईको बढीमा ५(पाँच) प्रतिशतसम्म लगानी गर्न सकिनेछ ।

(ग) नयाँ योजना अर्थात उक्त योजना व्यवस्थापकले विगतमा कुनै योजना संचालन नगरेको अवस्थामा विगतको प्रतिफलको विवरण उपलब्ध नहुने भएकोले उक्त योजना व्यवस्थापकको आवश्यक विश्लेषण गरी बढीमा कुल जारी गरिएको इकाईको २ (दुई) प्रतिशतसम्म लगानी गर्न सकिनेछ ।

**© ४.७ आवास परियोजना तथा स्थिर सम्पत्तिमा लगानीः**

**(क)** कोषले ऐनको दफा ३२ (७) को व्यवस्था र लगानी नीतिको सीमामा रही आवास परियोजना तथा स्थिर सम्पत्तिमा लगानी गर्न सक्नेछ ।

**(ख)** कोषले उपयुक्त ठहऱ्याएको स्थानमा जग्गा विकास, आवासीय भवन निर्माणसँग सम्बन्धित परियोजना संचालन गर्न सक्नेछ र कोषले विकास गरेका जग्गा तथा निर्माण गरेका व्यापारिक तथा आवासीय भवनहरु बिक्री वितरण गर्न वा बहालमा दिन सक्नेछ ।

**(ग)** कोषले आवश्यकता अनुसार आवास परियोजना तथा स्थिर सम्पत्तिमा लगानी गर्ने सम्बन्धी अन्य प्रक्रिया तथा शर्तहरु तोक्न सक्नेछ ।

**(घ)** यसरी लगानी गर्दा नागरिक लगानी कोषको केन्द्रिय हिसाब अन्तर्गत गर्नुपर्नेछ ।

**४.८ सहभागी कर्जा तथा सापटीः**

**(क)** कोषले ऐनको दफा ३२ (ख) को व्यवस्था र लगानी नीतिको सीमामा रही स्वीकृत कार्यविधि अनुरुप सहभागीहरुलाई विशेष सापटी, घर सापटी, शैक्षिक कर्जा, सरल कर्जा लगायत अन्य यस्तै प्रकारका कर्जा तथा सापटी उपलब्ध गराउन सक्नेछ ।

**(ख)** कोषका सदस्य/सहभागीहरुले कोषको ट्रष्ट फण्डमा गरेको योगदानका आधारमा यो सुविधा प्रदान गरिनेछ । यस्तो ऋणको पुनर्भुक्तानीको व्यवस्था कर्जा तथा सापटीको प्रयोगबाट सिर्जित नगद प्रवाह र सहभागीको अन्य निश्चित नगद प्रवाहको आधारमा तय गरिनेछ । कोषको हित तथा सहभागीहरुको सुविधालाई दृष्टिगत गर्दै कोषले सहभागीहरुका लागि सापटीका क्षेत्रहरु पहिचान गरी कर्जा तथा सापटी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

**(ग)** कोषले सहभागीहरुलाई उपलब्ध गराउने कर्जा तथा सापटी कार्यक्रमहरुमा समसामयिक सुधार, परिमार्जन र स्थगन समेत गर्न सक्नेछ ।

**(घ)** कोषले सहभागीहरुलाई उपलब्ध गराउने कर्जा तथा सापटी सम्बन्धी अन्य प्रक्रिया सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

**#४.९ सहभागी कर्जा बाहेक अन्य कर्जाहरुको सम्बन्धमाः**

(क) कोषले ऐनको दफा ३२, ३३, ३४, ३४(क) ३५, ३६ र ५३ को व्यवस्था तथा कोषले कर्जा कार्यविधि, २०७७ बमोजिम संगठित संस्थाहरुलाई पूर्वाधार विकास, पर्यटन, कृषि, उर्जा, वैकल्पिक उर्जा विकास, सूचना तथा प्रविधि, खनिज, सेवा, निर्माण आदि क्षेत्रमा संस्थागत वा सहवित्तीयकरण वा परियोजना कर्जा प्रवाह गर्न सक्नेछ । यस्तो कर्जा जलविद्युत परियोजना लागि अधिकतम १५ वर्ष र अन्य परियोजनाहरुका लागि अधिकतम कर्जा अवधि १० वर्षको हुनेछ । तर, परियोजनाको प्रकृति अनुसार कर्जा अवधि समितिले थपघट गर्न सक्नेछ ।

(ख) कोषले कर्जा कार्यविधि, २०७७ बमोजिम संगठित संस्थाहरुलाई संस्थागत आवधिक/समयकालिन, चालु पूँजी, ब्रिज ग्याप कर्जा वा थोक कर्जा प्रवाह गर्न सक्नेछ ।

४.१० **लगानी स्थगन हुनेः** देशको आन्तरिक वा वाह्य कारणले कोषले तोकेको कर्जा तथा लगानीको कुनै क्षेत्र जोखिमपूर्ण देखिएमा कोषले त्यस्तो क्षेत्रमा निश्चित समयको लागि लगानी स्थगन गर्न सक्नेछ ।

४.११ **सरकारमाथि निर्भर रहने संस्थाहरुलाई प्रदान गरिने कर्जाः** कोषले सरकारमाथि निर्भर रहने निकायहरुलाई आफ्ना अन्य नियमित ग्राहकहरुलाई लागू हुने व्यावसायिक शर्तहरु नै पूरा गरेर व्यावसायिक आधारमा वित्तीय सेवा उपलब्ध गराउने छ । यस्ता निकायहरुलाई कर्जा प्रतिवद्धता दिनुभन्दा अगाडि कर्जा जोखिम सम्बन्धी सबै तत्वहरुको पहिचान र सम्बोधन गर्नु पर्दछ ।

तर, सरकार जमानत बसेको स्थितिमा लगानी उपसमितिको सिफारिशमा संचालक समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

४.१२. **कोषबाट कर्जा प्रवाह नहुने क्षेत्र र अवस्थाः** कर्जा स्वाप गर्न अर्थात कोषसँग कर्जा माग गर्ने कम्पनीलाई अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा तिर्ने प्रयोजनको निमित्त कोषबाट परियोजना कर्जा प्रवाह हुने छैन । साथै, देहायका परियोजना, उद्योग, व्यवसायमा कोषले कर्जा लगानी गर्ने छैन ।

**(क)** मदिराजन्य र सूर्तिजन्य उद्योग, क्यासिनो तथा जुवा खेलाउने उद्योगमा,

**(ख)** जलविद्युत परियोजना बाहेक लिजमा लिएको जग्गा वा गुठीको जग्गा वा मोही लागेको जग्गामा संचालन हुने परियोजनामा,

**(ग)** राजनैतिक दल वा राजनीतिक उद्देश्यले स्थापित संस्थामा,

**(घ)** कालोसूचीमा रहेको व्यक्ति वा कम्पनीमा,

तर, कालोसूचीबाट फुकुवा भएको दुई वर्ष पुरा भएको हकमा यो खण्ड लागु हुने छैन ।

**(ङ)** हातहतियार, विष्फोटक पदार्थ तथा खरखजना उद्योगमा,

**(च)** प्रचलित कानुनद्वारा बन्देज गरिएका अन्य उद्योगमा ।

*(छ) एकजना मात्र प्राकृतिक व्यक्ति संस्थापक रहेको कम्पनी,

*(ज) एकलौटी वा साझेदारी व्यवसाय र सहकारी संस्था,

*(झ) कोषको कर्जाको अंश २५ करोड भन्दा कम हुने कम्पनी वा परियोजनाहरु ।

©४.१३ **सहायक कम्पनीमा लगानीः** कोषले ऐनको दफा ३२(६) बमोजिम सहायक कम्पनी गठन गरी उक्त कम्पनीमा लगानी गर्न सक्नेछ । पूँजीबजार विकासका लागि धितोपत्र दलाल, धितोपत्र डिलर, परामर्श सेवा जस्ता सहायक कम्पनीमा लगानी गर्दा कोषबाट संचालित अन्य योजना तथा कार्यक्रमका सम्बन्धित कार्यविधिमा व्यवस्था नभएसम्मका लागि केन्द्रीय हिसाबबाट मात्र लगानी गर्न सकिनेछ । यस सम्बन्धमा अन्य व्यवस्था तथा प्रक्रिया प्रचलित धितोपत्र ऐन तथा नियमावली अनुसार हुनेछ ।

---

* दोश्रो संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट संशोधित तथा साविकको ४.९ र ४.१० बुदाहरु हटाइएको

≠४.१४ **प्राइभेट ईक्विटी र भेन्चर क्यापिटल फण्डमा लगानी :** कोषले ऐनको दफा ३२(५) को व्यवस्था, नेपाल धितोपत्र बोर्डबाट जारी विशिष्टिकृत लगानी कोष नियमावली, २०७५ को व्यवस्था र लगानी नीतिको सीमामा रही ईजाजत पत्र प्राप्त प्राइभेट इक्विटी र भेन्चर क्यापिटलको ईक्विटी र फण्डमा लगानी गर्न सक्नेछ ।

≠**४.१४.१ लगानीको मापदण्ड :**

(क) त्यस्ता प्राइभेट ईक्विटी र भेन्चर क्यापिटल फण्ड तथा सो फण्डको स्थापना तथा संचालन गर्ने फण्ड व्यवस्थापक नेपाल धितोपत्र बोर्डमा दर्ता भई ईजाजतपत्र प्राप्त भएको हुनुपर्नेछ । साथै, नियामक निकायका सम्पूर्ण शर्त तथा आवश्यकताहरु पूर्णरुपमा पालना गरेको हुनुपर्नेछ ।

(ख) प्राइभेट ईक्विटी र भेन्चर क्यापिटल फण्डको पूँजी कम्तीमा रु.५० करोडको हुनुपर्नेछ ।

(ग) प्राइभेट ईक्विटी र भेन्चर क्यापिटल फण्डमा लगानी गर्दा फण्डको १५ प्रतिशत भन्दा बढी हुने छैन ।

(घ) उक्त फण्डको फण्ड व्यवस्थापकले पहिले व्यवस्थापन गरेका फण्डहरुको औषत बार्षिक प्रतिफल दर कोषले लगानी गरेको डिवेञ्चरबाट प्राप्त हुने औषत बार्षिक प्रतिफल दर भन्दा ३ (तीन) प्रतिशतमाथि भएमा देहाय बमोजिम लगानी गर्न सकिने छ ।

| फण्डको समयाअबधि | अधिकतम लगानी सिमा प्रतिशतमा |
|---|---|
| १० बर्ष सम्म | फण्डको १५ प्रतिशतसम्म |
| १० बर्ष भन्दा माथि | फण्डको ७.५ प्रतिशतसम्म |

**(ङ)** यसरी गरिने लगानीको अख्तियारी सीमा देहाय बमोजिम हुनेछ ।

| रकम | अख्तीयारी |
|---|---|
| रु.१० करोड सम्म | लगानी उपसमिति |
| रु.१० करोड भन्दा माथि | संचालक समिति |

**(च)** फण्ड व्यवस्थापकले बिगतमा कुनै फण्ड व्यवस्थापन नगरेको भएमा उक्त फण्डको प्रक्षेपित औषत वार्षिक प्रतिफल तथा जोखिम विश्लेषण लाई आधारमा लिई संचालक समितिको निणर्य अनुसार फण्ड तथा स्वः पुँजी (Equity) मा लगानी गरिनेछ ।

## परिच्छेद - ५

## #लगानी जोखिम व्यवस्था

# ५.१ ..........................................................

# ५.२ ............................................................

**५.३ लगानीको वर्गीकरण तथा जोखिम व्यवस्थाः**

**(क)** नेपाल सरकार वा नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी हुने सरकारी सुरक्षणपत्रहरुमा कोषले गरेको लगानीमा जोखिम व्यवस्था गरिने छैन ।

≠ **(ख)** शेयर, म्युचुअल फण्ड तथा डिबेञ्चरमा गरिएको लगानीको परल मूल्यभन्दा बजार मूल्य आर्थिक वर्षको अन्त्यमा कम भई फरक परेमा कम भएको लगानी रकममा शतप्रतिशत जोखिम व्यवस्था गरिने छ ।

**(ग)** कोषले बैंक तथा वित्तीय संस्थामा राखेको मुद्धती निक्षेपको अवधि समाप्त भई वा अन्य कुनै कारणबाट कोषले फिर्ता भुक्तानी माग गरेको तीन (३) महिनाभित्र फिर्ता हुन नसकेमा यस्तो मुद्धती निक्षेपको लगानीमा प्रत्येक आर्थिक वर्षमा बीस प्रतिशत जोखिम व्यवस्था गरी पाँच र्वषमा शत प्रतिशत जोखिम व्यवस्था गरिने छ ।

---

# परिच्छेद ५ को शिर्शक संशोधन गरिएको

#चौथो संशोधनबाट मुल नीतिको ५.१ र ५.२ को व्यवस्थाहरु हटाईएको

≠ आठौं संशोधनबाट थप तथा संशोधन गरिएको

*(घ) नेपाल राष्ट्र बैंकले कारोबारमा बन्देज लगाएको, शिघ्र सुधारात्मक कार्वाहीमा परेको, दामासाहिमा परेका वा खारेजीको प्रक्रियामा गएका बैंक तथा वित्तीय संस्थामा कोषले गरेको निक्षेप लगानीमा विधमान नेपाल वित्तीय प्रतिवेदनमान अनुसार शत प्रतिशत जोखिम व्यवस्था गरिने छ ।

तर, उक्त बन्देज लगाइएको तथा कार्वाहीमा रहेको अवधि समाप्त भई पुनः संचालनमा आएको अवस्थामा यो खण्ड अनुसारको जोखिम व्यवस्था आवश्यक हुने छैन ।

५.४ **कर्जा तथा लगानीको जोखिम व्यवस्थापन:** लगानी नीति अनुरुप प्रवाह हुने वा भएको कर्जा तथा लगानीका जोखिम व्यवस्थापन सम्बन्धी विधि र प्रक्रियाको लागि जोखिम व्यवस्थापन निर्देशिका बनाई लागु गरिनेछ ।

## परिच्छेद - ६

## लगानी सम्बन्धी संरचनागत व्यवस्था र अख्तियारी

©▪६.१. **लगानी उपसमिति:** कोषको कार्यकारी निर्देशकको संयोजकत्वमा नायव कार्यकारी निर्देशक, वित्त व्यवस्थापन विभाग र लगानी विभागका विभागीय प्रमुखहरु सदस्य र लगानी महाशाखा प्रमुख सदस्य सचिव रहने गरी पाँच जना सदस्य रहेको एक लगानी उपसमिति गठन गरिने छ । तर कर्जा लगानी सम्बन्धी विषयमा निर्णय गर्नुपर्ने भएमा कोषको कानुन हेर्ने अधिकृत समेत उक्त उपसमितिको सदस्यका रुपमा रहने छन् । यस समितिका कार्यहरु निम्नानुसार रहेकाछन् :

≠ ©▪(क) लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि, प्रकृया र मापदण्डको अधिनमा रही सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंकबाट निष्काशित सुरक्षणपत्र, बाणिज्य बैंकमा "निक्षेप लगानी सम्बन्धी निर्णय" र यस नीतिगत व्यवस्था अनुसारका मापदण्ड पुरा गरेका शेयर, हकप्रद शेयर,डिबेन्चर, सामुहिक लगानी कोष (Mutual Fund), प्राइभेट ईक्विटी र भेन्चर क्यापिटल फण्डको खरिद बिक्री तथा सामुहिक लगानी कोषका लागि प्रचलित धितोपत्र सम्बन्धी नियमावली/विनियमावली अनुसार सुरक्षित गरिएको शेयर र एकल पक्ष लगानी सीमा भित्र रही संस्थागत लगानीको लागि जारी भएको डिबेन्चरको अनुसुची ६ को मापदण्ड बमोजिम गणना गर्दा हुन आउने कुल अंकभारको आधारमा लगानी योग्य प्रतिशत निर्धारण गरी सोही बराबर लगानी गर्न सकिने ।

(ख) खण्ड "क" बाहेकका अन्य कर्जा तथा लगानी गर्नु परेमा आवश्यक सिफारिश सहित संचालक समिति समक्ष पेश गर्ने,

≠ (ग) लगानीको निर्णय, लगानी संरचना, ब्याजदर तथा तरलताको स्थिति विश्लेषण गरी लगानी अनुगमन उपसमितिको मासिक बैठकमा पेश गर्ने,

(घ) लगानी नीति र कर्जा तथा लगानी व्यवस्थापनलाई प्रभावकारी बनाउने उपाय, बिधि र प्रक्रियाको परिमार्जन सम्बन्धमा आवश्यक सुझाव समिति समक्ष पेश गर्ने ।

≠ ©६.२. **लगानी अनुगमन उपसमिति:** संचालक समितिले तोके बमोजिम संचालक समितिका एकजना सदस्यको संयोजकत्वमा अर्को एक जना संचालक समिति सदस्य पुँजीबजार तथा लगानी विभाग प्रमुख सचिव रहने गरी लगानी अनुगमन उपसमिति गठन गरिनेछ । उपसमितिले आवश्यकता अनुसार पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ । यस समितिका कार्यहरु निम्नानुसार रहेका छन् :

(क) कोषको लगानी सम्बन्धी उजुरी आएमा छानबीन गर्ने,

(ख) लगानी नीतिको अधिनमा रही दफा ४.४.२.२ (ङ) को २, ४ र ५ मा भएको व्यवस्था अनुसार शेयर बिक्रीको सम्बन्धमा आवश्यक निणर्य गरी संचालक समितिलाई जानकारी दिने,

(ग) कोषको लगानीको विधि, प्रक्रिया र प्रणालीको अनुगमन तथा मूल्यांकन गर्ने,

---

* दोश्रो संशोधनबाट संशोधित

▪ तेश्रो संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट संशोधित र ६.१ (ग) को व्यवस्था हटाइएको

≠ आठौं संशोधनबाट संशोधित

(घ) कम्तीमा कर्जा तथा लगानीका त्रैमासिक प्रगती विवरण अनुगमन गर्ने र संचालक समितिलाई त्रैमासिक प्रतिवेदन पेश गर्ने,

(ङ) लगानी नीतिमा आवश्यक परिमार्जनको लागि संचालक समिति समक्ष पेश गर्ने,

(च) समग्र अर्थतन्त्र तथा कोषको लगानी ब्याजदर तथा तरलताको अनुगमन तथा विश्लेषण गरी लगानी उपसमितिलाई आवश्यक सुझाव दिने,

## परिच्छेद - ७

## लगानी सम्बन्धी अन्य व्यवस्था

**७.१ लगानीको अभिलेख राख्ने:**

(क) बैंक तथा वित्तीय संस्थाबाट मुद्दती निक्षेप लगानीका सम्बन्धमा प्राप्त कोटेशन/प्रस्तावमा उल्लेखित विवरण तथा मुद्दती निक्षेप लगानीको निर्णयलाई **अनुसूची ५** अनुसार अभिलेख राख्नु पर्नेछ ।

(ख) कोषको लगानी महाशाखाले आफ्नो लगानीको आवश्यक सुरक्षा र सुरक्षित जिम्मा प्रमाणित गर्ने कागजात एवं रसिद/भरपाई वा अन्य आवश्यक दस्तावेज सम्बन्धी सबै अभिलेखहरु सुरक्षित राख्नु पर्नेछ ।

(ग) प्रत्येक महाशाखाको प्रमुख पदाधिकारीले प्राप्त गरेको वा प्रेषित गरेको दस्तावेजहरुको प्रमाणित अभिलेख र अद्यावधिक विवरण देखिने रजिष्टर सहित सुरक्षित गर्नु पर्नेछ ।

(घ) कार्यकारी निर्देशकले दस्तावेज राखिएका सुरक्षित स्थलहरु बारे सम्बन्धित कर्मचारीबाट देहायको विवरण सहितको प्रतिवेदन लिनु पर्नेछ ।

(१) मुद्दती निक्षेपमा लगानी गरेको संस्था तथा रकम उल्लेखित विवरण,

(२) समयमा साँवा ब्याज भुक्तानी नगर्ने संस्थाको अभिलेख,

(३) मागेको बखतमा प्राप्त हुने लगानीको विवरण,

♣(४) शेयरमा गरिएको लगानी, रिपोर्टिङ अवधिभर कारोबार भएको शेयरको लक्षित योजना अनुसारको अभिलेख, विवरण/रिकन्सिलिएशन,

(५) अन्य लगानी सम्बन्धी आवश्यक विवरणहरु ।

≠ **७.२. प्रतिवेदन दिने:** लगानी व्यवस्थापकले लगानीको विस्तृत विवरण समेटिएको प्रतिवेदन कोषको कार्यकारी निर्देशक मार्फत लगानी अनुगमन उपसमितिमा पेश गर्नु पर्नेछ । प्रतिवेदनमा देहायका विषयहरु समावेश हुनेछन् :

♣(क) रिपोर्टिङ्ग अवधिको अन्त्यमा स्वामित्वमा रहेका धितोपत्रहरुको लगानी मिति तथा साँवा भुक्तानी मिति अनुसारको सूची,

(ख) पोर्टफोलियोको साँवा भुक्तानी मितिसम्म प्राप्त हुने आन्तरिक प्रतिफल दरको भारित औसत र कोषको लागत प्रतिशत,

(ग) क्षेत्रगत र विषयगत लगानी विवरण,

(घ) पोर्टफोलियोको कार्य सम्पादन,

(ङ) समिति र जोखिम व्यवस्थापन तथा लगानी अनुगमन उपसमितिले माग गर्ने अन्य विवरणहरु ।

**७.३. कार्य सम्पादनको मापन:** पोर्टफोलियोबाट लगानीमा प्राप्त प्रतिफल सम्बन्धमा लगानीको प्रतिफल गणना गर्दा पोर्टफोलियोको बजार मूल्य र नेप्से परिसूचकमा आधारित पोर्टफोलियोको समग्र प्रगतिको आधारमा गरिनेछ, जसमा निम्न कुराहरु समावेश हुनेछन् :

(क) स्वामित्वमा रहेको सम्पत्तिको पूँजीगत मूल्यमा परिवर्तन,

---

♣ पहिलो संशोधनबाट संशोधित

© छैटौं संशोधनबाट संशोधित

≠ आठौं संशोधनबाट संशोधित

(**ख**) व्यवस्थापन गरिएको लगानी पोर्टफोलियोको सम्पत्तिबाट प्राप्त आय,

(**ग**) सम्पत्ति बिक्रीबाट प्राप्त रकम र खरिद गरेको सम्पत्तिको लागत ।

७.४ **आन्तरिक नियन्त्रण प्रणालीः** कर्जा र लगानीका उद्देश्य पूरा गर्न र लगानीको अनुपयुक्त प्रयोग हुने जोखिमबाट सुरक्षित गर्न कार्यकारी निर्देशकले प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र प्रक्रियाहरुको सुनिश्चितता गर्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणालीले निम्न विषयहरुलाई समेट्नु पर्नेछ :

(**क**) आपसी साँठगाँठ तथा अपारदर्शी लगानी नियन्त्रण,

(**ख**) कारोबारको अख्तियारलाई लेखा र अभिलेख राख्ने प्रणालीबाट छुट्याउने,

(**ग**) लेखा तथा अभिलेख सुरक्षितसाथ राख्ने,

(**घ**) अख्तियारको प्रत्यायोजन,

(**ङ**) बैंक निक्षेप तथा अन्य लगानीको हिसाबमिलान सम्बन्धमा,

(**च**) लगानीका मापदण्डहरुको परिपालन र रेखदेख,

(**छ**) परिपालना नभएको र उल्लंघन भएका विषयहरुको रिपोर्टिङ,

(**ज**) कोषको असुली कार्यविधिको कार्यान्वयन पक्षको नियमित अनुगमन प्रणालीको व्यवस्था र प्रचलित अभ्यासहरुको प्रभावकारीताको रिपोर्टिङ,

(**झ**) यो नीति कार्यान्वयन गर्न आवश्यक पर्ने आन्तरिक कार्यविधि तयार गरी लागू गर्ने ।

७.५ **हिसाब राफसाफ तथा फछ्र्यौटः** समयमा हिसाव राफसाफ तथा फछ्र्यौट हुन नसक्दा हुने नोक्सानबाट बच्न कोषले समयमा नै कारोबारको हिसाव राफसाफ तथा फछ्र्यौट गर्नुपर्नेछ । हिसाव राफसाफ तथा फछ्र्यौट हुन नसक्दा सिर्जित हुने नोक्सानको जोखिम न्यूनतम गर्न कोषले आवश्यक साधन, प्रणाली, उपयुक्त नियन्त्रण प्रणाली सहितको पूर्वाधार र उपायहरु अवलम्बन गर्नेछ ।

*७.६ **शेयर लगानी गरेको संस्थाको साधारण सभा सम्बन्धीः** कोषले लगानी गरेका शेयरहरुमध्ये मतदानको हक भएका शेयरहरुमा कोषले आफ्नो मतदानको हक प्रयोग संचालक समितिको निर्णय अनुसार गर्नेछ ।

***७.७. लगानी तथा लगानी प्रतिफलको असुली**

©*७.७.१ **मुद्दती निक्षेप लगानी :** कोषले ऐनको दफा ५२(क) अनुसार मुद्दती निक्षेपमा गरेको लगानीको साँवा रकम र सम्बन्धित व्याज वा अन्य कुनै शुल्क भए सो समेत असुल उपर गर्नेछ ।

(**क**) मुद्दती निक्षेपमा गरिएको लगानी रकमको म्याद समाप्ती हुनु ७ दिन अघि सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई पत्र मार्फत फिर्ता भुक्तानी गर्ने कोषको खाताको विवरण खुलाई ताकेता गर्नुपर्ने छ । मुद्दती निक्षेपमा प्राप्त हुने आवधिक ब्याज, म्याद समाप्ती भएको दिनसम्मको ब्याज तथा साँवा रकम कोषको खातामा तोकिएको दिनमा (सार्वजनिक दिन परेमा सो पछिको कार्यालय खुल्ने दिन) प्रविष्टी नगर्ने संस्थाहरुलाई उक्त मुद्धती निक्षेपको ब्याजदर वा नयाँ मुद्दती निक्षेप लगानीमा लागू भएको उच्चतम ब्याजदर मध्ये जुन बढी छ सोहि ब्याजदरमा थप २ प्रतिशत विलम्ब ब्याज असुलउपर गरिने छ । साथै, उक्त हिसाब किताब राफसाफ नभएसम्म उक्त बैंक तथा वित्तीय संस्थामा नयाँ मुद्दती निक्षेप तथा डिवेञ्चर लगानीमा रोक लगाईने छ ।

(**ख**) कोषको निक्षेप लगानी रहेको संस्थालाई नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेमा, निक्षेप लगानी गरेका संस्थाहरुको विद्यमान बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम खारेजीको प्रकृयामा गएमा वा ऐन बमोजिम फरफारकको कारवाही अगाडी बढेमा प्रचलित कानुन अनुसार असुली प्रक्रिया तत्काल अगाडी बढाईनेछ ।

***७.७.२ संस्थागत ऋणपत्र लगानीः**

(क) सूचिकृत नभएका संस्थागत ऋणपत्रहरुको ब्याज तथा साँवा रकम प्राप्त हुने समय भन्दा ७ दिन अघि सम्बन्धित संस्थालाई पत्र मार्फत प्रतिफल जम्मा गर्ने कोषको खाताको विवरण खुलाई ताकेता गर्नुपर्ने छ । साथै कर्पोरेट ऋणपत्रको लगानी गर्ने प्रयोजनको लागि भुक्तानी भएको रकमको

---

* दोश्रो संशोधनबाट संशोधित

* दोश्रो संशोधनबाट सांशोधित

© छैटौं संशोधनबाट संशोधित

भुक्तानी भएको दिनदेखि बाँडफाँड भएको दिनसम्मको उल्लेखित दररेटमा खण्डीत अवधिको व्याज आए नआएको अनुगमन गर्नु पर्नेछ ।

(ख) सूचिकृत भएका संस्थागत ऋणपत्रहरुको लगानी प्रतिफल भने सम्बन्धित संस्थाले कोषको डिम्याट खातामा उल्लेख भएको बैंक खातामा तोकिएको दिनमा (सार्वजनिक दिन परेमा सो पछिको कार्यालय खुल्ने दिन) जम्मा गर्नुपर्नेछ । उक्त रकम कोषको खातामा तोकिएको दिनमा प्रविष्टी नगर्ने संस्थाहरुलाई उक्त डिवेन्चरमा उल्लेखित व्याजदरमा थप २ प्रतिशत विलम्ब व्याज असुलउपर गरिने छ । साथै, उक्त हिसाब किताब राफसाफ नभएसम्म उक्त संस्थामा नयाँ मुद्दती निक्षेप तथा डिवेञ्चर लगानीमा रोक लगाईने छ ।

(ग) कोषको संस्थागत डिवेन्चर लगानी रहेको संस्थालाई नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेमा, विद्यमान बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम खारेजीको प्रकृयामा गएमा वा ऐन बमोजिम फरफारकको कारवाही अगाडीमा बढेमा प्रचलित कानुन अनुसार असुली प्रक्रिया तत्काल अगाडी बढाईनेछ ।

**©* ७.७.३ शेयर तथा सामुहिक लगानी कोष (म्युचुअल फण्ड) को लगानी :**

शेयर तथा सामुहिक लगानी कोष (म्युचुअल फण्ड) बिक्री गर्दा प्रचलित धितोपत्र सम्बन्धी नीतिगत व्यवस्थामा उल्लेख भएको समय भित्र बिक्रीबाट प्राप्त रकम कोषले तोकेको बैंक खातामा जम्मा भए नभएको अनुगमन गर्नु पर्नेछ । समयमै कोषको बैंक खातामा प्रविष्ट नभएको पाइएमा सम्बन्धित धितोपत्र दलाललाई प्रचलित बचत खातामा प्राप्त हुने अधिकतम व्याजदरमा थप २ प्रतिशत विलम्ब ब्याज असुल उपर गरिने छ । साथै, उक्त हिसाब किताब राफसाफ नभएसम्म उक्त धितोपत्र दलालसँग कारोबार गरिने छैन ।

## परिच्छेद - ८

## विविध

**८.१** "लगानी नीति, २०६९" खारेज गरिएको छ ।

**८.२** "लगानी नीति, २०६९" अन्तर्गत भएका सम्पूर्ण उपसमितिहरु खारेज गरिएका छन् ।

**८.३** "बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप लगानी निर्देशिका-२०६७" खारेज गरिएको छ ।

**८.४** "लगानी नीति, २०६९" अन्तर्गतका भएका सम्पूर्ण लगानीहरु यसै नीति अन्तर्गत भएको मानिनेछ ।

**८.५** कोषमा प्रचलित लगानी सम्बन्धी कार्यविधि तथा निर्देशिकाहरु यस नीति अन्तर्गत बनेको मानिनेछ र यस नीतिमा उल्लेख भएका बिषयहरु कार्यविधिहरुमा बाझिएमा बाझिएको हदसम्म यसै नीति बमोजिम हुनेछ ।

**८.६** संचालक समितिले आवश्यकता अनुसार यस नीतिलाई संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ ।

**८.७** यस नीतिको व्याख्याको सम्बन्धमा द्विविधा उत्पन्न भएमा संचालक समितिको निर्णय अन्तिम हुनेछ ।

___***___

## ≠ **अनुसूची १:**

## **(उपदफा नं. ४.२.५ सँग सम्बन्धित)**

## **नागरिक लगानी कोषको मुद्दती निक्षेप लगानी सम्बन्धी सूचना**

*(मिति २०८../...../...... गतेको गोरखापत्रमा प्रकाशित)*

यस कोषले रु.................. (अक्षरेपी रु. ................................) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गका बैंकमा ......... अवधिको मुद्दती निक्षेपमा लगानी गर्न इच्छुक भएकोले उक्त "क" वर्गका बैंकहरुबाट आफुले लिन चाहेको रकम, व्याजदर र व्याज भुक्तानी गर्ने समयावधी उल्लेख गरी मिति २०८../.../... गते दिउँसो .... बजेभित्र लाहाछाप सहितको सिलवन्दी प्रस्ताव बुझाउन आव्हान गरिएको छ । विस्तृत विवरण कोषको वेवसाईट www.nlk.org.np मा उपलव्ध रहेको व्यहोरा अनुरोध छ ।

**नोट १:** मिति २०८../.../... गते सम्मको भुक्तानी म्याद समाप्त हुने मुद्धति निक्षेप समेत समाबेश गरिएको छ ।

**नोट २:** मुद्दती निक्षेपमा लगानी गर्ने/नगर्ने वा आंशिक लगानी गर्ने अधिकार कोषमा निहित रहने छ ।

**नागरिक लगानी कोष**
**लगानी महाशाखा**
**नयाँ बानेश्वर, काठमाण्डौ ।**

---

≠ आठौं संशोधनबाट संशोधित

## अनुसूची २ः
## (उपदफा नं. ४.२.५ सँग सम्बन्धित)
## गोप्य शिलबन्दी कोटेशन फारम

मितिः......................

श्रीमान् कार्यकारी निर्देशक
नागरिक लगानी कोष,
नयाँ बानेश्वर, काठमाण्डौ ।

**विषयः मुद्दती निक्षेपमा लगानी सम्बन्धी शिलवन्दी फारम ।**

महोदय,
त्यस कोषको मिति .................. को प्रस्ताव आह्वान बमोजिम यस बैंकले त्यस कोषको लगानी नीति अनुसार देहाय बमोजिमको शर्तमा रु. ................................. (अक्षरेपी ................................................) निक्षेप स्वीकार गर्न इच्छुक भएकोले यो दरभाउपत्र पेश गरेका छौं ।

१) शर्तहरु :
(क) प्रस्तावित व्याजदरः ...........
(ख) व्याज भुक्तानी गर्ने अवधिः ....................
२) यस बैंकको वित्तीय विवरण देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | वित्तीय विवरण | गत आर्थिक वर्ष २०.../.... को वित्तीय विवरण | गत ......... मसान्तको वित्तीय विवरण |
|---|---|---|---|
| १ | नागरिक लगानी कोषमा रहेको निक्षेप/कुल निक्षेप अनुपात (प्रतिशतमा) | | |
| २ | संस्थागत निक्षेप/ कुल निक्षेप अनुपात (प्रतिशतमा) | | |
| ३ | निष्कृय कर्जा (प्रतिशतमा) | | |
| ४ | खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको प्रतिशत | | |
| ५ | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात (प्रतिशतमा) | | |
| ६ | जगेडा कोष र चुक्ता पूँजी रु. | | |
| ७ | खुद सञ्चालन मुनाफा रु. | | |
| ८ | प्रति शेयर नेटवर्थ रु. | | |
| ९ | कोषको नाममा रहेको हालसम्मको निक्षेप रकम रु. | | |
| १० | प्राथमिक पूँजी अनुपात | | |
| ११ | पूँजी कोष अनुपात | | |

नोटः सम्पूर्ण विवरण नभरेको कोटेशन बोलकबोल प्रक्रियामा समावेश गरिने छैन ।

बैंकको आधिकारिक पदाधिकारीको

दस्तखतः .........................

नामः ............................
पदः ..................................
सम्पर्क नं.(मोवाइल)ः ...........................

बैंकको नामः-
बैंकको ठेगानाः-
बैंकको छापः-
ईमेल ठेगानाः-

# अनुसूची ३

## (उपदफा ४.२.४ सँग सम्बन्धित)

आ.व. ......................... मा बैंक तथा वित्तीय संस्थाहरुको आवश्यक विवरण

| संस्थाको नाम | इमेल/फोन | चुक्ता पूँजी | जगेडा कोष | जम्मा चुक्ता पूँजी र जगेडा कोष | उक्त संस्थाको गत त्रैमासको जम्मा निक्षेप | कोषको उक्त संस्थामा रहेको जम्मा निक्षेप | कोषको उक्त संस्थामा रहको डिवेञ्चर लगानी | निक्षेप र डिवेञ्चर अनुपात (कोषको निक्षेप र डिवेञ्चर) र (चुक्ता पूँजी र जगेडा कोष) | (कोषको निक्षेप र डिवेञ्चर) / (चुक्ता पूँजी र जगेडा कोष) अनुसारको Ranking | अधिकतम लगानी योग्य सीमा | लगानी योग्य सीमाको उपभोग प्रतिशत | साधारण शेयर जारी गरेको/निष्काशन स्वीकृत पाएको ( छ वा छैन ) | सिसिडि अनुपात प्रतिशत | प्राथमिक पूँजी अनुपात | पूँजी कोष अनुपात | निष्कृय कर्जा अनुपात प्रतिशत | तरलता अनुपात | ना.ल.कोषमा रहेको निक्षेप/कुल निक्षेप अनुपात (प्रतिशतमा) | संस्थागत निक्षेप/कुल निक्षेप अनुपात (प्रतिशत मा) | खुद सञ्चालन मुनाफा रु. | प्रति शेयर नेटवर्थ रु. | कर्जा : स्वपूजी अनुपात | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A | B | C | D | E = (C+D) | F | G | H | I = (G+H)/ E | J | K= 15%* F or 50%* E which ever is less | L= (G+H) /K | M | N | O | P | Q | R | S = G/F | T | U | V | W | X |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची ४**

**(उपदफा ४.२.६ सँग सम्बन्धित)**

**गोप्य सिलबन्दी प्रस्तावहरु खोलिएको विवरण**

मिति २०७../.../... गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम मिति २०७..।...।.... गते दिउँसो ..... बजेसम्म कोषमा दर्ता भएका निम्न बमोजिमका ..... वटा मुद्दती निक्षेपको लागि प्राप्त सिलबन्दी प्रस्तावहरु मिति २०७...।....।...... गते कोषका निम्न पदाधिकारीहरुको रोहवरमा खोल्ने कार्य सम्पन्न भयो ।

| क्र. सं. | संस्थाको नाम | सिलबन्दी आवेदन प्रस्ताव प्राप्त मिति | दर्ता नं. | खामवन्दी विवरण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |
| २६ | | | | |
| २७ | | | | |
| २८ | | | | |

**उपस्थित व्यक्तिहरुको हस्ताक्षरः**

| ................. | .................. | ................... | ....................... |
|---|---|---|---|
| लगानी महाशाखा प्रमुख | प्रशासन प्रमुख | लेखा प्रमुख | लगानी विभाग प्रमुख |

# अनुसूची ५
## (दफा ७.१ सँग सम्बन्धित)
## निक्षेप निर्णय विवरण

| क्र.सं. | संस्थाको नाम | शिलवन्दी आवेदन दर्ता नं | माग रकम | प्रस्तावित ब्याजदर प्रतिशतमा | ब्याजदर भुक्तानी अवधि | Effective Annual Interest Rate (EAR) | EAR अनुसारको Ranking | निक्षेप अवधि | जम्मा चुक्ता पूँजी र जगेडा कोष | उक्त संस्थाको हालको जम्मा निक्षेप | कोषको उक्त संस्थामा रहेको जम्मा निक्षेप | कोषको उक्त संस्थामा रहेको डिवेञ्चर लगानी | अधिकतम लगानी योग्य सीमा | अधिकतम लगानीयोग्य सीमाको उपभोगिता प्रतिशत | लगानीयोग्य सीमाको उपभोगिता प्रतिशत अनुसारको Ranking | बोलकबोल रकमको बढीमा २० प्रतिशत रकम | निक्षेप निर्णय R | | | | निर्णय पश्चात निक्षेप र डिवेञ्चर अनुपात (कोषको निक्षेप र डिवेञ्चर) / (चुक्ता पूँजी र जगेडा कोष) **S** | कैफियत **T** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A | B | C | D | E | F | G | H | I | J | K | L | M | N= 15%*K or 50%*J whichever is less | O= (L+M)/ N | P | Q | बैंक | रकम | ब्याजदर (EAR) | भुक्तानी अवधी | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची ६

## दफा ४.५ को ४.५.१ र ४.५.२ सँग सम्बन्धित

## डिबेन्चरमा लगानीको मापदण्ड

| सि.नं | जोखिमको आधार | अधिकतम अंक | अंक भार |
|---|---|---|---|
| १. | **सुरक्षा** | **२०** | |
| | सुरक्षित डिवेन्चर | २० | २० |
| | असुरक्षित डिवेन्चर | ० | ० |
| २ | **जोखिम वर्गिकरण** | **२०** | |
| | AAA | | २० |
| | AA | | १७.५ |
| | A | | १५ |
| | BBB | | १२.५ |
| | BB | | १० |
| | B | | ७.५ |
| | **नोट :** जोखिमको आधारमा ± आएको अवस्थामा अंकभार पनि १.२५ ले ± हुनेछ । | | |
| ३ | **डिवेन्चरको ब्याजदर** | **२०** | |
| | १ बर्षे मुद्दती निक्षेप भन्दा कम व्याजदरको डिवेञ्चरमा लगानी गरिने छैन । सो भन्दा बढीको व्याजदरमा प्रति ०.१ पतिशत विन्दुलाई १ अंक गरी अधिकतम २० अंक प्रदान गरिने छ । | | |
| ४ | **संस्थागत निक्षेप** | **१०** | |
| | ३० प्रतिशत सम्म | १० | ३० प्रतिशत भन्दा बढी हुदा प्रति १ प्रतिशतमा ०.५ अंकका दरले अधिकतम अंकबाट घटाईने छ । |
| | ५० प्रतिशत भन्दा बढी | ० | |
| ५. | **निस्कृय कर्जा** | **१५** | |
| | २ प्रतिशत सम्म | १५ | २ प्रतिशत भन्दा बढी हुदा प्रति ०.१ प्रतिशतमा ०.५ अंकका दरले अधिकतम अंकबाट घटाईने छ । |
| | ५ प्रतिशत भन्दा बढी | ० | |
| ६. | **निस्काशन पछिको कर्जा तथा स्वपूँजी अनुपात** | **५** | |
| | ३० प्रतिशत सम्म | ५ | ३० प्रतिशत भन्दा बढी हुदा प्रति १ प्रतिशतमा ०.२५ अंकका दरले अधिकतम अंकबाट घटाईने छ । |
| | ५० प्रतिशत भन्दा बढी | ० | |
| ७. | **प्रति शेयर कुल मुल्य** | **१०** | |
| | २०० भन्दा माथि | **१०** | १०० भन्दा माथि र २०० भन्दा कमलाई समानुपातिक रुपले अंक प्रदान गरिने छ । |
| | १०० भन्दा कम | **०** | |
| **कुल अंकभार** | | **१००** | |

उपरोक्त अनुसारको मापदण्ड बमोजिम गणना भएको अंकभारको आधारमा निम्न अनुसार प्रतिशत निर्धारण गरी डिबेन्चरमा लगानी गरिने रकम तय गरिनेछ ।

| सि.नं. | कुल अंकभार | अंकभार अनुसारको लगानी प्रतिशत |
|---|---|---|
| १. | ६० प्रतिशत भन्दा माथि | संस्थागत लगानीको लागि जारी भएको कुल डिबेन्चरको ६०% सम्म |
| २. | ५१ प्रतिशत देखि ६० प्रतिशत सम्म | संस्थागत लगानीको लागि जारी भएको कुल डिबेन्चरको ५०% सम्म |
| ३. | ४० प्रतिशत देखि ५० प्रतिशत सम्म | संस्थागत लगानीको लागि जारी भएको कुल डिबेन्चरको ४०% सम्म |
| ४. | ४० प्रतिशत भन्दा तल | लगानी नगर्ने । |